# लेखापरीक्षण प्रतिवेदन

## सारदा नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सारदा नगरपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/389

श्रीमान् प्रमुखज्यू,
सारदा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सल्यान ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/389

विषय: लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् प्रमुखज्यू

सारदा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सल्यान।

१.कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२.नगरपालिकाको आय र व्ययतर्फ रु.१ अर्ब ६९ करोड ७७ लाख ३१ हजार को लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु.४ करोड ५८ लाख ९६ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ६ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९९ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.७३ लाख ५४ हजार र पेश्की बाँकी रु.२ करोड ७९ लखा ३१ गरी जम्मा रु. ४ करोड ५८ लाख ९६ हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजु रु.२२ करोड ४७ लाख ७१ हजारमध्ये रु.९ लाख ५० हजार फस्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.२६ करोड ९७ लाख १७ हजार बाकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ५२ | ४,५८,९६,२६९ | ० | ० | ० | ० | ७० | ५२ | ४,५८,९६,२६९ | ६,४२,३६९ | ७३,५४,०३९ | ९९,६८,८४६ | ० | ० | १,७३,२२,८८५ | २,७९,३१,०१५ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | २२,४७,७१,४१६ | ० | ९,५०,००० | २२,३८,२१,४१६ | ० | ४,५८,९६,२६९ | २६,९७,१७,६८५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| 1 | २०८०/८१ | 31 | पेश्की बाँकी | ५,००,००० |
| 2 | २०८०/८१ | ८१.३ | फोहरमैला व्यवस्थापन | ४,५०,००० |
| जम्मा | | | | ९,५०,००० |

# सारदा नगरपालिका, सल्यान

# ( ८०६६०४०३३०० )

# शारदा नगरपालिका , सल्यान

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ।स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।६।५ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु. १ अर्ब ६९ करोड ३१ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा वापतको बढी भत्ता भुक्तानी रकम रु.२२,५१३.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

२.१ **एकीकृत आय-व्ययः** पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| **विबरण** | **रकम** | **विबरण** | **रकम** |
| **गतवर्षकोजिम्मेवारीबाकी** | | चालु | ४२८२१८७५३.२६ |
| संचितकोष | २२५५५६३०.८३ | पूंजिगत | १५२४२१५६६.0 |
| धरौटी | ९०५४५४७ | प्रकोप व्यवस्थापन कोष | ९२९०१६.० |
| विविधखर्चखाता | २३६५६८३.९८ | विविध खर्चखाता | ८००५७५२ |
| प्रकोप व्यवस्थापनकोषखाता | १३५४३४९.८३ | धरौटी फिर्ता | २४७३०३६ |
| कर्मचारी कल्याण कोष | २७७३७४.५४ | **जम्मा** | **५९२०४८१२३.२६** |
| **जम्मा** | **३५६०७५८६.१६** | **बैंक मौज्दात** | |
| **यस वर्षको आन्तरीक राय** | | मुल संचित कोष | २१२०२८०२.४१ |
| आन्तरिकराजस्व | १२८१३८९१.७२ | प्रकोप व्यवस्थापन कोष | ५२०३३३.३० |
| राजस्ववाडफाडमालपोतसमेत | ८८५८५०३.८० | विविध खर्च खाता | ३७०७७०९.३० |
| बाँडफाँडबाटप्राप्तराजश्व -संघ_ | १०५४५७२४०.७७ | धरौटी खाता | ११३२६७०८.० |
| बाँडफाँडबाटप्राप्तराजश्व-प्रदेश_ | ४००९९७१.९५ | कर्मचारी कल्याणकोष खाता | २७७३७५.०७ |
| **जम्मा** | **१३११३९६०८.२४** | **जम्मा** | **३७०३४९२८.०** |
| **संघीयसरकारबाटप्राप्तअनुदान** | | **फिर्ता गरिएको रकम जम्मा** | |
| वित्तियसमानिकरणअनुदान | १०५४३२२४०.० | प्रदेश ससर्त अनुदान फिर्ता | ५०००.० |
| सशर्तअनुदानचालु | २६५९८०७०४ | संघीय सशर्त अनुदान पुंजिगत फिर्ता | ४००५३९५८.० |
| सशर्तअनुदानपूंजीगत | ११३२०००० | संघीय सशर्त अनुदान चालु | ३३२७१८१३.१४ |
| समपुरकअनुदान | १०१२६५३० | **जम्मा** | **७३३३०७७१.१४** |
| विशेषअनुदान | १४७९२७२० | **अन्तर सरकारी अख्तियारी** | |
| **जम्मा** | **४०७६५२१९४** | सामाजिक सुरक्षा भत्ता | १३७९२०८३८.७६ |
| **प्रदेशसरकारबाटप्राप्तअनुदान** | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४७८०१९.० |
| वित्तियसमानिकरणअनुदान | १३३३३००० | उद्योग तथा साना उद्यमहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण | ९८८१२०.० |
| समपुरकअनुदान | ११५२३७४० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना | ३३३७३८७९.० |
| सशर्त अनुदान (चालु) | १६६५९९०.० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम चालु | ८१७०७८ |
| सशर्त अनुदान (पुंजिगत) | २९७०४१२४.० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम पूंजीगत | ४८३३१०९ |
| **जम्मा** | **५६२२६८५९** | **जम्मा** | **१४६०३७१६४.७६** |
| विविधखर्चखाता | ९३४७७७७.३२ | **फरक** | **२१७२५१५.३०** |

| | | | |
|---|---|---|---|
| धरौटी | ४७४५१९७ | | |
| प्रकोप व्यवस्थापन कोष | ९५०००.० | | |
| जम्मा | **१४१८७९७४.३२** | | |
| **अन्तरसरकारीअख्तियारीसंघ** | | | |
| सामाजिकसुरक्षा | १३७९२०८३८.७६ | | |
| स्वास्थ्यक्षेत्रसुधारकार्यक्रम | १४७८०१९ | | |
| साना उद्यमहरुलाई मागमा आधारित प्रविधिमा हस्तान्तरण | ९८८१२०.० | | |
| खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम चालु | ८१७०७८ | | |
| खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम पूंजीगत | ४८३३१०९ | | |
| जम्मा | **१४६०३७१६४.७६** | | |
| **दातृनिकाय सहयोग प्राप्ती** | | | |
| एस.ई.एस.पी.सोधभर्ना हुने अनुदान | ७२००००० | | |
| एस.ई.एस.पी.सोधभर्ना हुने अनुदान (चालु) | ९६००००० | | |
| युरोपियन अनुदान नगद अनुदान | ११००००० | | |
| आई.डि.ए. सोधभर्ना हुने ऋण | ७२४६००० | | |
| आई.डि.ए. सोधभर्ना हुने ऋण(पुंजिगत) | ६८०००००० | | |
| **जम्मा** | **९३१४६०००.०** | | |
| **कुलजम्मा** | **८८३९९७३८१.५०** | **कुलजम्मा** | **८८३९९७३८१.५०** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरण**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गाउ विकास समितिहरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोवारसमेत देखिने गरी आय-व्ययको यथार्थ चित्रण गर्न सकेको छैन। कार्यालयले आ.व. २०८१।८२ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन। यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ।
- एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुंजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वियन भएको छैन। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले समिति गठन गरेको जनाएको छ। समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

  त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

२.३ **आय व्यय फरकः** पालिकाको कुल आम्दानी (मौज्दात अ.ल्या. समेत) र कुल खर्च (बैंक मौज्दात बाँकी समेत) बराबर हुनुपर्दछ। पालिकाको यो आर्थिक वर्षमा कुल आय (मौज्दात अ.ल्या.समेत) तर्फ रू. ८८,३९,९७,३८१.५० रहेको बिबरण पेश भएको छ। व्ययतर्फ यो वर्षको खर्च (फिर्ता खर्च समेत) रु.८४,४७,८९,९३८.२० र आर्थिक वर्षको अन्त्यमा बैंक मौज्दात बाकी रू.३,७०,३४,९२८.० समेत जम्मा रु.८८,१८,२४,८६६.२० रही आम्दानी भन्दा बैंक मौज्दात रु.२१,७२,५१५.३० ले घटी रहेको देखियो।यसप्रकार घटी हुन गएको बैंक मौज्दातको सम्बन्धमा यथार्थता यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७२,५१५.३ |

२.४ **हिसाव मिलान गर्नुपर्नेः** दातृ निकायको सहयोग समेत संघिय सरकार, प्रदेश सरकार र पालिका समेतको संयुक्त सहयोगमा यस पालिकामा यो वर्ष देखि संचालनमा आएको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम संचालन गर्न यो वर्ष नेपाल सरकारको श्रोतबाट चालु तर्फ रु.८,१७,०७८.०० र पुंजीगत तर्फ रु. ४८,३३,१०९.०० को साथै दातृनिकायबाट रु. ९,३१,४६,०००.०० समेत जम्मा रु. ९,८७,९६,१८७.०० रकम देहाय बमोजिम अनुदान तथा ऋण सहयोग स्वरुप प्राप्त भएको व्यहोरा पालिकाले पेश गरेको उपरोक्तानुसारको एकिकृत आय व्यय बिबरणबाट देखिन्छ तर उक्त कार्यक्रम संचालनको लागि यो वर्ष दातृ निकायको स्रोतसमेत नेपाल सरकारबाट उक्त कार्यक्रमको चालु तर्फ रु.८,१७,०७८.००, पुंजीगत तर्फ रु. ४८,३३,१०९.०० र

आयोजनामा भएको खर्चको ८० प्रतिशतले हुने रु.२,९१,३२,४४५.०० समेत देहाय बमोजिम रु.३,४७,८२,६३२.०० रकम नेपाल सरकारबाट निकासा भइ देहाय बमोजिम खर्च भएको व्यहोरा संलग्न खर्चका पुष्ट्याइ र बिबरण तथा आयोजना तर्फको आर्थिक बिबरणहरुबाट देखिन आयो।यसप्रकार निकासा र खर्च रकमभन्दा बढी रकम आम्दानी भएको जनाइएकोमा दातृनिकायबाट खर्च नभइ बचत भएको रकम रु. ६,४०,१३,५५५.०० बैंक मौज्दात बाँकी समेत रहेको देखिएन।यसरी आय व्यय विवरणमा आय कायम गरेको रकम र सोको बचत हिसाव सम्वन्धमा यथार्थता यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ।

| **बैदेशिक स्रोतको आय स्थिति** | **रकम** | **बैदेशिक स्रोत समेतको खर्च स्थिति** | **रकम** |
|---|---|---|---|
| एस.ई.एस.पी.सोधभर्ना हुने अनुदान | ७२००००० | **संघिय सरकारबाट निकासा/खर्च भुक्तानी** | |
| एस.ई.एस.पी.सोधभर्ना हुने अनुदान (चालु) | ९६००००० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना ८०% खर्च भुक्तानी | २९१३२४४५ |
| युरोपियन अनुदान नगद अनुदान | ११००००० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम चालु १००% निकासा/खर्च | ८१७०७८ |
| आई.डि.ए. सोधभर्ना हुने ऋण | ७२४६००० | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम पूंजीगत १००% निकासा/खर्च | ४८३३१०९ |
| आई.डि.ए. सोधभर्ना हुने ऋण(पुंजिगत) | ६८०००००० | **जम्मा** | **३४७८२६३२** |
| **जम्मा** | **९३१४६०००** | **प्रदेश सरकारबाट निकासा/खर्चभुक्तानी**<br>- खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना १३%खर्च भुक्तानी | १६९२३४६ |
| खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम चालुनेपाल सरकार श्रोत | ८१७०७८ | **पालिकाबाट निकासा/खर्च भुक्तानी**<br>- खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना ७% खर्च भुक्तानी | २५४९०८८ |
| खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम पूंजीगत नेपाल सरकार श्रोत | ४८३३१०९ | | |
| **कुल जम्मा** | **९८७९६१८७** | | |

३ **बजेट तथा कार्यक्रमः**

३.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।७ मा रु.८५ करोड ५८ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

३.२ **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८६,४०,०००.० | ७३,१३,०३४.० | १.२८ |
| २ | पूर्वाधार विकास | ९,२३,०५,०००.० | ८,२३,७२,९२७.० | १४.४४ |
| ३ | सामाजिक विकास | २८,५२,३९,०००.० | २५,१०,६९,१७४.८६ | ४४ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ८५,४४,०००.० | ७८,७३,०३२.० | १.३८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २७,४०,८०,३७७.० | २२,१८,९०,२१४.४० | ३८.८९ |
| | **जम्मा** | **६६,८८,०८,३७७.०** | **५७,०५,१८,३८२.२६** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४ प्रतिशत र आर्थिक विकासमा सबैभन्दा घटी १.२८ प्रतिशत रहेको छ।

३.३ **खर्च बिश्लेषणः** यस पालिकाले अघिल्लो आ.व. २०८०।८१ बाट प्राप्त अ.ल्या मौज्दात रु.३,५६,०७,५८६।१८ यस बर्ष कुल आन्तरिक आय रू.१,२८,१३,८९१.७२ र राजस्व बाँडफाँडबाट रु.११,८३,२५,७१६.५२ तथा अनुदानबाट रु.५३,२६,९७,९१५ समेत कुल जम्मा रु. ८८,३९,९७,३८१.५० आम्दानी भएकोमा चालु तर्फ रु.४२,९०,३५,८३१.२६ र पुँजीगत तर्फ रु.१९,०६,२८,५५४.०० समेत कुल जम्मा रु. ८४,४७,८९,९३८.२० खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५१ प्रतिशत रहेको छ।पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ।

३.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमामसिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना खर्च** |
| पुँजीगत खर्च | १८५९०६६२९ | १८९९२७७ | २०२१७४१८ | ५९९०८७४५ | १०३८८११८९ | ८३८८११८९ |
| खर्च प्रतिशत | **१००** | **१.०२** | **१०.८७** | **३२.२२** | **५५.८०** | **४५.१२** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१८,५९,०६,६२९.५३ पुंजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१८,९९,२७७।- (१.०२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२,०२,१७,४१८।-(१०.८७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.५,९९,०८,७४५.५ (३२.२२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१०,३८,८१,१८९.०(५५.८० प्रतिशत) खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.८,३८,८१,१८९.० (४५.१२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ४ आन्तरिक नियन्त्रणः

४.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ तयार गरी लागु गरेको जनाएतापनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिन आएन। यस सम्वन्धमा देखिएका अन्य बेहोराहरु तपसिल बमोजिम रहेका छन्:

- **बजेट व्यवस्थापनतर्फ**

  अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीको पालना भएको पाईएन।

  भ्रमण खर्च व्यवस्थापनतर्फ
- पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको।

  शिक्षातर्फ
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

  विविधतर्फ
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

- निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । हाल सुधार गरी प्रविष्टी गर्ने कार्य अन्तिम चरणमा पुगेको व्यहोरा कार्यालयले जनाएको छ ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा फिल्डस्तरमै सार्वजनिक सुनुवाइ गर्नेगरेको व्यहोरा कार्यालयले जनाएकोमा प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्नेमा सोको पालना नभएको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेकोमाल हाल प्रविष्टि गरेको व्यहोरा कार्यालयले जनाएको,

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४.२ **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ७५२ |
| मृत्युदर्ता | ३०१ |
| बसाईसराई भई आउनेको दर्ता | ९७ |
| बसाईसराई भई जानेको दर्ता | ३६४ |
| विवाह दर्ता | ३२५ |
| अन्य | ५७ |

४.३ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका २० वटा विवाद दर्ता भएकोमा जम्मा २७ मध्ये १७ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई १० वटा बाँकी रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

४.४ **पदाधिकारी सुविधाः** कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ७७ जना पदाधिकारीहरुलाई रु.१,१९,०७,०००।पदाधिकारी सुविधा वापत खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

५ **योजना र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| **क्र.सं.** | **विवरण** | **योजन संख्या** | **खर्च रकम** |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ९६ | ७७,७२,८११.०० |
| २ | रु १ लाख देखि ५ लाख सम्मका योजना | १२४ | ३,३५,७१,९१८.१६ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २७ | २,१४,०९,४०२.६० |
| ४ | १० लाख देखि ५० लाख सम्मका योजना | १३ | २,९८,१८,२३४.०० |
| ५ | ५० लाख भन्दा माथिका योजना | ६ | ५,६२,१७,८७८.०० |
| | **जम्मा** | २६६ | **१४,८७,९०,२४३.७६** |

६ **योजना छनौट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७ **सहकारी संस्थाः**

साविक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वियन सँगसँगै २५ सहकारी यस नगरपालिकामा हस्तान्तरण भई आएका १४ संस्था सक्रिय रही ११ वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ।यस सम्बन्धमा सम्वन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ।सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सृचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ।

८ **जिन्सी दाखिलाः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन्।पालिकाले यो वर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वियन गरेको नदेखिएकोले कार्यान्वियन गरिनु पर्दछ।

- कार्यालयमा प्रयोग गरिने इन्धन, मर्मत गरिने सवारी साधन तथा फर्निचर लगायत अन्य सामानहरुको सन्दर्भमा रसिद, मर्मत आदेशहरु हार्डकपि प्रयोग गरी पाम्समा नचढाएकोमा नगरपालिका जनप्रतिनिधिमुलक संस्था भएकोले कानुन कार्यान्वियनमा अलिक कठिनाइ हुने हुदा चालु आर्थिक वर्ष २०८२।८३ देखि सुधार गरेको जनाएको छ। जसमा निम्नानुसार सुधार गरिनु पर्दछ।
- सामान्य मर्मत सम्भारबाट कार्यालय संचालनमा प्रयोग गर्न सकिन सामानहरुको मर्मत गरी प्रयोगमा ल्याउने र नयाँ सामान खरिद गर्ने कार्य योजना सहित बनाउनु पर्दछ।
- भण्डारणको व्यवस्थापन गरी यत्रतत्र रहेको कार्यालय सामानहरुको व्यवस्थापन गर्नु पर्दछ।
- विभिन्न संघ संस्थाहरुले विभिन्न समयमा सहयोग गरेको सरसामानहरु त्यसै कार्यालयमा रहेको र ती सामानहरुलाई आम्दानी बाँधि कार्यालयमा राख्नु पर्ने देखिन्छ।
- नगरपालिका भित्रका सवै निकायमा जिन्सी व्यवस्थापनको अभिमुखीकरण कार्य गर्नु पर्दछ।

- स्वास्थ्य संस्थाहरुमा भौतिक सामानहरुको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर अलग अलग राख्नु पर्दछ।
- नगरपालिका र विषयगत शाखाहरुमा खप्ने र नखप्ने जिन्सी सामानहरुको सहायक खातामा नियमीत गरिनु पर्दछ।
- वडा कार्यालय र अन्य शाखाहरुले खरिद गरेको जिन्सी सामानहरुको नगरपालिका जिन्सी शाखामा अभिलेख राख्नु पर्ने देखिन्छ।

## ९ संगठन तथा कर्मचारी व्यवस्थापनः

९.१ कर्मचारी दरवन्दी तथा करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ।यस पालिकालाई बिगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा (बिबरण उपलव्ध नगराइएको) दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले जनाको (बिबरण उपलव्ध नगराइएको) दरवन्दी स्वीकृत गरेको र सो मध्ये १०१ जना कर्मचारीहरु स्वीकृत दरवन्दी भित्र करारमा राखी रु.२,४३,६२,१४३.०० र स्वीकृत दरवन्दी भन्दा बाहिर ३१ जना कर्मचारी करारमा राखी रु.६९,०७,४६०।- भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ। कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र प्राप्त बिबरण अनुसार देहाय बमोजिम दरवन्दी बाहिर करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ नियमसम्मत भन्न मिल्ने नदेखिदा यस सम्वन्धमा सम्वन्धित पक्षको ध्यान गइ सुधार हुनुपर्दछ।

| सि नं | कर्मचारीकोनाम थर र दर्जा | स्थायी/ अस्थायी/ करार/ ज्यालादारी | स्वीकृतदरवन्दी भित्र/ बाहिर | जम्मा बार्षिक भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | ओम बहादुर यरी | करार | बाहिर | ३८१९३० |
| २ | ऐकलाल घर्ती | करार | बाहिर | ३८१९३० |
| ३ | पुनम राना | करार | बाहिर | ४०२६०० |
| ४ | पूर्णचन्द्र शर्मा | करार | बाहिर | ३३५००० |
| ५ | अभिलाषा सिंह | करार | बाहिर | २४४००० |
| ६ | प्रतिभा खड्का | करार | बाहिर | २४४००० |
| ७ | रोजिता थापा | करार | बाहिर | २४४००० |
| ८ | बन्दना वली | करार | बाहिर | २४४००० |
| ९ | कामना बस्नेत | करार | बाहिर | २४४००० |
| १० | यशु कुमारी बस्नेत | करार | बाहिर | २४४००० |
| ११ | बिनिता पुरी | करार | बाहिर | २४४००० |
| १२ | खुमा कुमारी राना | करार | बाहिर | २४४००० |
| १३ | युवा कुमारी कवर | करार | बाहिर | २४४००० |
| १४ | सिमा बुढाथोकी | करार | बाहिर | १५४००० |
| १५ | रञ्जना डाँगि | करार | बाहिर | १५४००० |
| १६ | हुर्मतराज अधिकारी | करार | बाहिर | २४४००० |
| १७ | सरस्वती परियार | करार | बाहिर | २४४००० |
| १८ | स्वागत शाही | करार | बाहिर | २४४००० |
| १९ | भुमिका खड्का | करार | बाहिर | २४४००० |
| २० | कमला कुमारी के.सी. | करार | बाहिर | २४४००० |
| २१ | अप्सरा बुढाथोकी | करार | बाहिर | २४४००० |
| २२ | कृष्ण बहादुर वली | करार | बाहिर | २०५००० |
| २३ | रमिता के.सी.(सिंह) | करार | बाहिर | २६२००० |
| २४ | लक्ष्मि वलि भण्डारी | करार | बाहिर | २०५००० |
| २५ | सुशिला मल्ल रावत | करार | बाहिर | २०५००० |
| २६ | कृष्ण कुमारी बुढाथोकी | करार | बाहिर | २०५००० |
| २७ | रेमन्त बि.क. | करार | बाहिर | ५४००० |
| २८ | सन्तोष भण्डारी | करार | बाहिर | ५४००० |
| २९ | दिलिप श्रेष्ठ | करार | बाहिर | ५४००० |
| ३० | हरी भण्डारी | करार | बाहिर | ५४००० |
| ३१ | मनिषा बस्नेत | करार | बाहिर | १४०००० |
| जम्मा | | | | ६९०७४६० |

९.२ **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालीकाबाट प्राप्त बिबरण अनुसार कर्मचारी कल्याण कोषमा गतबिगतको बाँकी मौज्दात रु. २७७३७४।५४ (यो वर्षको बैंक व्याज समेत) रहेतापनि यो वर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी कोषमा रकम जम्मा गरेको देखिएन।अत: ऐनले तोके बमोजिमको दरमा रकम कट्टा गरी कल्याण कोषमा रकम जम्मा गर्नुपर्दछ।

कानुनत: छुट्टै कर्मचारी कल्याण कोष भनि खोल्न नपाइने र बिबिध खर्च खाताबाट सेवा निबृत कर्मचारीलाइ भुक्तानी दिइएको, यसरी भुक्तानी दिंदा कानुनत: १०% कट्टी गरी दिइएको। चालु आ.व. २०८२/८३ बाट कर्मचारीको तलवबाट १०% कट्टी गरी बिबिध खातामा जम्मा गर्ने नीति लिइएको जवाफ कार्यालयको रहेको छ।

९.३ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष निम्न अनुसारका २ जना कर्मचारीलाई विविध खर्च कोषबाट संचित विदा र औषधि उपचार वापतको रु. ४०,५८,७७८।- भुक्तानी गरेको छ भने कर्मचारीको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

| क्र.स | पद नाम | अवकास मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सहायक पाँचौ टेक बहादुर बुढाथोकी | २०७६।४।१७ | ११,५६,२०० |
| २ | अधिकृत छैठौँ सुमन कुमार शर्मा | २०८१।१०।१८ | २९,०२,५८७ |
| **जम्मा** | | | **४०,५८,७७८** |

९.४ **विविध कोषः** त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ। यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्न ध्यान दिनु पर्दछ ।

| सि नं | कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | योवर्ष थप | योवर्षको खर्च | बाकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | स्थानिय तह विविध कोष खाता | संघीय सरकार | २३,६५,६८३.९८ | ९३,४७,७७७ | ८०,०५,७५२ | ३७,०७,७०९ |
| २ | प्रकोप व्यवस्थापन कोष | संघीय सरकार | १३,५४,३४९.८३ | ९५,००० | ९,२९,०१६ | ५,२०,३३३.३० |
| ३. | कर्मचारी कल्याण कोष | संघीय सरकार | २,७७,३७४.५४ | ० | ० | २,७७,३७४.५४ |

१० **इन्धन खर्चः**

|---|---|---|---|---|---|
| | स्वस्थानी निर्माण सेवा,छत्रेश्वरी गा.पा.५,सल्यान | | गा.पा.५,सल्यान | ८७ | |
| ३८ | भुवनेश्वरी माध्यमिक विद्यालयमा ग्याविन तारजाली खरिद | १५०००० | भुवनदाई सप्लायर्स शा.न.पा ०२ सल्यान | १४८७०८.० | १४८७०८.०० |
| ३९ | मानव अधिकार भवनमा बाउन्ड्री वाल निर्माण कार्य | ९९५००० | अमृता एण्ड नारायण कन्स्ट्रक्सन | ९९२६६२.१ | ९९०६०२.०४ |
| ४० | फोहरमैला व्यवस्थापन केन्द्रको पर्खाल फिनिसिङ्ग तथा जाली जडान कार्य | ९५०००० | सफल निर्माण सेवा | ९४८५४८.१ | ९३१०२८.०० |
| ४१ | साझा सुविधा केन्द्र स्थापना अन्तर्गत बेसार प्रसोधन केन्द्र निर्माण | ५००००० | ए एस . भि निर्माण सेवा | ४९०४१९.३ | ४९०४१९.३२ |
| ४२ | श्रीनगर बुहुउद्धेश्यीय भवन वरीपरी सल्याब निर्माण | ६७०००० | आरोही अच्यूत एड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्र लि | ५६५०८२.० | ५४४४५६.३८ |
| ४३ | नगर बस TATA H7 12 बस निर्माण पश्चान भित्री भागमा थप कार्य | १००००० | आर.वि इन्जिनियरिङ्ग वर्कसप प्रा लि | ८६१६२.० | ८६१६२.०० |
| ४४ | वडा नं १ अन्तर्गत भगवती खोलामा पर्ने ठाडो खोलाको छेउमा वालनिर्माण | ६०१००० | जय बागेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स शा.न.पा. २ | ६००८८०.० | ६००८८०.४१ |
| ४५ | श्रृजनशिल आ.वि लेखटाकुरा विद्यालय घेरवार र शा न पा १३ वराह मन्दिरघेरवार | ४००००० | कोशेढुङ्गा कन्स्ट्रक्सन प्रा.लि. | ३८७३५७.१ | ३८७३५७.०० |
| ४६ | वडा नं ७ लातेडाँडा सडक निर्माण | ४७५००० | रोशन निर्माण सेवा शान पा १ सल्यान | ४७१३२३.१ | ४७१३२३.१३ |
| ४७ | वडा नं ६ अन्तर्गत बरलामा शौचालय निर्माण | १५०००० | शुभम कन्स्ट्रक्सन शान पा ६ | १४५२३१.० | १४५२३१.०० |
| ४८ | वडा नं १ को तल्लो प्रेट्रोल पम्प जाने बाटो निर्माण र दारिमचौर सडकमा स्ल्याब निर्माण | ३००००० | जिमज्याङ्ग कन्स्ट्रक्सन शा न पा १३ | २९००३७.० | २९००३७.०० |
| ४९ | वडा नं १५ को विभिन्न मोटरबाटो मर्मत | २००००० | प्रकाश कन्स्ट्रक्सनशा न पा ६ | १८३९१९.० | १८३९१९.०० |
| ५० | वडा नं १ को नयाँ गाउँ प्रतिक्षालय निर्माण | २००००० | सिटिजन निर्माण सेवा छत्रेश्वरी २ सल्यान | १९२८०५.० | १९२८०५.०० |
| ५१ | वडा नं ३ को डाँडापानी देखी घट्टेखोला सम्म मोटरबाटो मर्मत | २५०००० | शारदा निर्माण सेवा शान पा ४ | २४९७४१.४ | २४९७४१.३५ |
| ५२ | ध्यान प्रणायम तथा तनाव व्यवस्थापन सम्बन्धी कार्यक्रम | ७५००० | एम लाईफ एजुकेशन फाउन्डेसन सुर्खेत | ७५०००.० | ७५०००.०० |
| | **जम्मा** | **२४३३४०००** | | | २००५१४५६.१६ |

३० **सोझै सेवा खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिदका विधीहरुको उल्लेख रहेको छ। पालिकाको मुख्य मुख्य शहरी क्षेत्रबाट फोहोर मैला संकलन गर्ने, ट्रान्सपोर्टेसन र डिस्पोजल गर्ने, उक्त घरपरिवारहरु बाट मासिक रुपमा फोहोर मैला शुल्क असुल गरी पालिकामा दाखिला गर्ने र फोहोर व्यवस्थापन सम्बन्धमा अभिमूखिकरण कार्यक्रम संचालन गर्ने प्रयोजनको लागि पालिकाले इलेक्ट्रोनिक शिलवन्दी दरभाउपत्र मार्फत प्रस्ताव आह्वान गरी स्वच्छ प्रतिस्पर्धा र पारदर्शिताको माध्यमबाट सेवा प्रदायक संस्था छनौट गरी सम्झौता गर्नुको साटो ग्रामिण विकास एक्सप्रेस नेपाल (६०२२४६८६२) नामक एक संस्था संग मात्र सोझै र खुला प्रस्ताव माग गरी निजको प्रस्ताव स्वीकृत गरी निजसँग सम्झौता गरेर काम गराए वापत गो.भौ.नं. ३,६,९ र ३९ बाट रु.१९,९०,०००।- निजलाई भुक्तानी गरेको छ । यसप्रकार सम्झौता गरेको संस्थाले फोहोर मैला शुल्क वापत वर्षभरीमा जम्मा रु. ५,९१,७००।- मात्र असुल गरी

नगरपालिकामा दाखिला गरेको देखिन्छ । यसरी कानून विपरित सोझै एक जनासँग मात्र प्रस्ताव माग गरी कानून विपरित सम्झौता गरेको र निजले वर्ष भरीमा जम्मा रु. ५,९१,७००।- आम्दानी गरेको सम्बन्धमा यथार्थता यकिन गरी आवश्यक सुधार हुनुपर्ने देखिन्छ।

३१ **थप दायित्व सिर्जनाः**

३१.१ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले फोहोर व्यवस्थापनको बजेट तथा कार्यक्रमबाट विक्रेताबाट विक्रेता आरोही अच्यूत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग कपडाको हाते ब्याग १७२३ थान सोझै खरिद गरी जिन्सी दाखिला गरी रु. २९९८३३६।- भुक्तानी दिएको छ।सो सामान वितरणको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९८,३३६ |

३१.२ त्यसैगरी पालिकाले फोहोर व्यवस्थापनको बजेट र कार्यक्रमबाट विक्रेता पोषण मार्टसँग विभिन्न १६ किसिमका सुरक्षा सम्बन्धी सामाग्रीहरु सोझै खरिद गरी जिन्सी दाखिला गरेर रु.४,९७,०००।भुक्तानी दिएबाट पालिकालाइ थप व्ययभार पर्न गएको छ। यस प्रकार वितरणमुखी प्रकृतिको उक्त कार्यका सम्बन्धमा यथार्थता यकिन गरिनु पर्दछ।

३२ **उपभोक्ता समितिः**

३२.१ **उपभोक्ता समितिबाट गराएको कामः** पालिकाले यो वर्ष गरेको पुँजीगत खर्चमध्ये देहाय वमोजिम ६४ वटा उपभोक्ता समितिहरुबाट रु.१,८०,०६,९५२.०० को कार्य गराएकोमा रु.२१,८८,८२५.०० को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु. १,५८,१८,१२७.०० नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | लागत/जनसहभागिताबाट भएको | कार्यालयको श्रोतबाट भुक्तानी |
|---|---|---|---|---|---|---|
| उपभोक्ता भएको काम | ६४ | २,२५,३४,५१९ | २,०४,९५,००० | १,८०,०६,९५२ | २१,८८,८२५ | १,५८,१८,१२७ |

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।

३२.२ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०८१ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन्। स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्दछ।

३२.३ **अनुगमन समितिः** नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विवरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै विकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु. ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरीय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरीय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वश्त हुनेगरी नगरपालिका स्तरीय अनुगमन समितिले सिफारिस गरे पश्चात् मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ।

३२.४ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३२.५ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

३२.६ **जनश्रमदान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नु पर्दछ ।

३२.७ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागि मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो। त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए वमोजिमको प्रकृया पुरा गरेको देखिन आएन। समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन। एउटै स्थानमा गर्ने फरक

फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन आएन। यस सम्बन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ।

३२.८ **तेश्रो पक्षबाट कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने र तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरी गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

३३ **शिक्षातर्फः**

३३.१ **न्यून विद्यार्थी संख्या भएका विद्यालयः** शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ५६ रहेको र यो वर्ष उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु २७,७०,९३,२५४।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार २७ विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गई कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्या र विद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छ।

| सिन | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थिको संख्या | शिक्षक संख्या | | | | | यो वर्ष कुल निकासा रु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | अस्थायी | विद्यालय कर्मचारी | बालविकास शिक्षक | जम्मा | |
| १ | श्री शारदा आ वि चैवाङ | १-५ | ६९ | ३ | १ | १ | १ | ६ | २५३८,९०५.६ |
| २ | श्री भगवती आ वि भगवतीखोला | १-३ | ३४ | २ | ० | १ | २ | ५ | १९,२१,७२२.३७ |
| ३ | श्री शिव जन मा वि शीतलपाटी | १-१२ | १२६९ | १८ | ४ | १ | १ | २४ | १७,३४३,११६.७४ |
| ४ | श्री सिद्धार्थ आ वि जोगिदेउखोला | १-३ | २४ | ० | २ | १ | १ | ४ | ११,६३,४४४.०० |
| ५ | श्री त्रिभुवन जन मा वि लुहापिङ | १-१२ | ५५१ | १४ | ११ | २ | ३ | ३० | १,९७,८३८,१४.७७ |
| ६ | श्री खड्गदेवी आ वि पौवाबारी | १-५ | ६५ | ३ | ० | १ | २ | ६ | २५,४१,४००.९४ |
| ७ | श्री ज्ञानोदय आ वि साइलाकम्द | १-३ | १२ | २ | ० | १ | १ | ४ | २०,२२,०९०.६० |
| ८ | श्री महेन्द्र रत्न मा वि पिपलनेटा | १-१२ | ४७८ | १५ | ० | ३ | २ | २० | १,०२,८१,६५३.६९ |
| ९ | श्री बुद्ध आ वि सुनटाकुरा | १-५ | ३६ | ३ | ० | १ | १ | ५ | २२,६२,२५१.४० |
| १० | श्री सरस्वती विद्यामन्दिर रानीकोट | १-३ | १३ | २ | ० | १ | १ | ४ | १६,३७,१४३.८० |
| ११ | श्री जनकल्याण आ वि तल्लोमार्के | १-५ | ६२ | ३ | ० | १ | १ | ५ | २०३५११७.४० |
| १२ | श्री लक्ष्मी आ वि खत्रीपोखरी | १-५ | ४० | ३ | ० | १ | १ | ५ | २३,८८,९६१.०५ |
| १३ | श्री बालशखा मा वि मदमकाँडा | १-१० | १६९ | ६ | ५ | २ | १ | १४ | ६३,००,६६०.१५ |
| १४ | श्री जीवन ज्योति आ वि सापमारा | १-३ | ६० | १ | १ | १ | २ | ५ | १७,८५,४०९.२० |
| १५ | श्री ज्ञानज्योति आ वि टाकुरा | १-३ | २८ | ० | २ | १ | १ | ४ | १०,९३,१०८.२० |
| १६ | श्री शारदा आ वि कौछे | १-५ | ३० | २ | १ | १ | १ | ५ | २१,३४,२६७.३५ |
| १७ | श्री शारदा आ वि कुरल | १-३ | १० | २ | ० | १ | १ | ४ | १६,२३,६६९.०० |
| १८ | श्री सरस्वती आ वि गैरागाँउ | १-५ | ३४ | ० | ३ | १ | १ | ५ | १८९१००१.१० |
| १९ | श्री कालिका मा वि कजेरी | १-१० | १५९ | ६ | ३ | २ | १ | १२ | ६१,८६,९७७.९८ |
| २० | श्री जनविकास आ वि ओख्रेनी | १-८ | १५१ | ४ | ४ | १ | १ | १० | ४३,८४,७८४.७३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | श्री शारदा आ वि रारे | १-५ | ४५ | ० | ३ | १ | १ | ५ | १५,१८,५१४.८५ |
| २२ | श्री गैरीखर्क आ वि सिमखर्क | १-५ | ६७ | ३ | ० | १ | १ | ५ | २४४१९७७.४९ |
| २३ | श्री त्रिभुवन जनता मा वि मार्के | १-१२ | ५६२ | १० | ४ | २ | २ | १८ | ९९,३१,३४१.०८ |
| २४ | श्री विद्याज्ञान आ वि तिलपोखरी | १-३ | १६ | २ | ० | १ | १ | ४ | १५,३४,६५१.६० |
| २५ | श्री भुवनेश्वरी मा वि सुनचौर | १-१० | २९० | ३ | ४ | १ | १ | ९ | २७,७८,४११.२५ |
| २६ | श्री हिमालय आ वि स्युरे | १-५ | २१ | २ | १ | १ | ० | ४ | १४,१०,९०८.३० |
| २७ | श्री सरस्वती आ वि हात्तिढुङ्गा | १-५ | ४५ | २ | १ | १ | १ | ५ | २०,२२,६६१.०० |
| २८ | श्री विजया आ वि स्यानीगारे | १-३ | २३ | १ | १ | १ | १ | ४ | १४५९२३४.११ |
| २९ | श्री आ वि नयाँवस्ती | बालविकास | १० | ० | ० | १ | १ | २ | ६,७८,७१९.२० |
| ३० | श्री कृष्ण आ वि बागचौर | १-८ | ११३ | ३ | ४ | १ | १ | ९ | ३५,७५,९७५.०८ |
| ३१ | श्री जनजागृति आ वि मेलटाकुरा | १-३ | ३२ | १ | १ | १ | १ | ४ | १३,७४,१०९.८० |
| ३२ | श्री सरस्वती आ वि भंगारचौर | १-३ | ३८ | १ | १ | १ | १ | ४ | १४,१३,९३०.०० |
| ३३ | श्री शिद्ध आ वि मधाना | १-३ | ४२ | १ | १ | १ | १ | ४ | १६,९०,७९०.४५ |
| ३४ | श्री जनकल्याण आ वि जलुके | १-५ | ५७ | ० | ३ | १ | १ | ५ | १९,५१,२४९.५० |
| ३५ | श्री कालिका आ वि मधाना | १-५ | २४ | ० | २ | १ | १ | ४ | १३,९१,५५४.४० |
| ३६ | श्री जनता आ वि पैयाखर्क | १-५ | ३९ | ३ | ० | १ | १ | ५ | २२,१६,७००.३५ |
| ३७ | श्री महेन्द्र रत्न मा वि हिवल्चा | १-१२ | २५७ | ११ | १ | २ | १ | १५ | ८४,८२,४९५.४१ |
| ३८ | श्री जनचेतना आ वि मथिल्लो स्याला | १-३ | ३० | ० | २ | १ | १ | ४ | १२,०४५,२४.६० |
| ३९ | श्री बालकल्याण आ वि तल्लो स्याला | १-३ | १९ | १ | १ | १ | १ | ४ | १२,०३४,३४.७० |
| ४० | श्री भुवनेश्वरी आ वि खैरावाङ | १-५ | ५८ | ३ | ० | १ | २ | ६ | २९,१६,६१०.५६ |
| ४१ | श्री जनसेवा आ वि पेदी | १-५ | ३६ | २ | ० | १ | १ | ४ | १४,६०,१३९.४० |
| ४२ | श्री शिव मा वि मुलडाँडा | १-१२ | ३७७ | ७ | ४ | ३ | १ | १५ | ७९,७८,०५६.९५ |
| ४३ | श्री महेन्द्रोदय आ वि लेखडाँग्री | १-३ | २८ | २ | ० | १ | १ | ४ | १६,६७,३६६.७७ |
| ४४ | श्री दुर्गा आ वि तिमिले | १-३ | २१ | १ | १ | १ | १ | ४ | १४,३५,४७७.५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | श्री लक्ष्मी मा वि स्यानीखाल | १-१२ | २७८ | १० | ३ | २ | १ | १६ | ९५,८५,७३९.७६ |
| ४६ | श्री सृजनशिल आ वि लेखटाकुरा | १-५ | ५० | ० | ० | ० | ० | ० | ४,९५,७९६.०० |
| ४७ | श्री बालकल्याण आ वि चलाउनेपानी | १-३ | ३० | १ | १ | १ | १ | ४ | ९,९९,८३०.५० |
| ४८ | श्री भगवती आ वि सल्यानचौर | १-५ | २४ | ३ | ० | १ | १ | ५ | ८,८३,५२९.५५ |
| ४९ | श्री दिपेन्द्रचौतारा आ वि अत्तरकाँडा | १-५ | ५६ | ३ | ० | १ | १ | ५ | २२,९६,१८३.९० |
| ५० | श्री लक्ष्मी आ वि पानिखोला | १-८ | ५४ | ४ | २ | २ | १ | ९ | ३५,८१,५६५.०७ |
| ५१ | श्री शारदा आ वि बरला | १-३ | १३ | २ | ० | १ | १ | ४ | १५,८०,८०३.३ |
| ५२ | श्री कालिका आ वि ढारखानी | १-३ | १७ | ० | २ | १ | १ | ४ | १३,६८,८९०.९० |
| ५३ | श्री शिव आ वि सिमतारा | १-५ | ७९ | ३ | १ | १ | १ | ६ | २६,८१,७४६.४४ |
| ५४ | श्री त्रिभुवन जन मा वि माल्नेटा | १-१२ | ३०५ | १० | ३ | २ | १ | १६ | ८८,९७,७४४.४९ |
| ५५ | श्री दुर्गा आ वि डाँडागाँउ | १-५ | ५६ | ० | ३ | १ | १ | ५ | १९,३५,६९७.५५ |
| ५६ | श्री पशुपती आ वि हरले | १-५ | ६३ | ३ | ० | १ | १ | ५ | २३,९३,१९०.२४ |
| | जम्मा | | ६५७० | १८७ | ८७ | ६७ | ६२ | ४०३ | २७,७०९,३२५.४४ |

३३.२ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान:** शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा इ पुस्तकालय समेत) , तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान, कक्षा १-३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाई सामग्री छपाई तथा वितरण, शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान, नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान लगायतका कार्यक्रममा रु. १,२४,४२,८०९।- निकासा भएको देखियो। कार्यविधी अनुसार अनुदान प्राप्त गरेका विद्यालयहरुले गरेका खर्च र त्यसको उपलब्धी र एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने विद्यालयहरुबाट पालिकासँग गरेको करार सम्झौता अनुसार काम सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी तोकिएको कार्य भएको सुनिश्चित गर्नुपर्दछ।

| सि.नं | भौ.नं र मिति | विद्यालयको नाम | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|---|---|
| १. | ४१७-०८२।२।१७ | त्रिभुवन जन माध्यमिक विद्यालय, लुहापिङ्ग | प्रति विद्याथी लागतका आधारमा सामाग्री तथा डिजिटल सिकाई व्यवस्थापनका लागि विद्यालय अनुदान | १९,३५,०००.० |
| २. | ६१६-०८२।३।२२ | महेन्द्र रत्न विद्यायलय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३,००,०००.० |
| ३. | ५९६-०८२।३।२० | शिव माध्यमिक विद्यालय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ६,५०,०००.० |
| ४. | २४२-०८१।१२।०३ | विभिन्न विद्यालय | प्रति विद्याथी लागतका आधारमा सामाग्री तथा डिजिटल सिकाई व्यवस्थापनका लागि विद्यालय अनुदान | १४,६६,७४२.० |
| ५. | २६०-०८१।१२।०८ | विभिन्न विद्यालय | सामुदायिक विद्यालयहरुमा इन्टरनेट वापतको भुक्तानी | ७,४५,०००.० |
| ६. | ३३०-०८२।१।२४ | विभिन्न विद्यालय | CTEVT को मापदण्ड वमोजिम विद्यालयहरुमा प्राविधिक शिक्षा सन्चालन अनुदान | ७,००,०००.० |
| ७. | १५८-०८१।९।२१ | त्रिभुवन माध्यमिक विद्यालय, लुहापिङ्ग | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३०,००,०००.० |
| ८. | १५५-०८१।९।२१ | विभिन्न विद्यालय | मसलन्द, विद्यालय सुधार योजना र लेखापरीक्षण कार्यको लागि | २५,१५,०००.० |
| ९. | २१-०८१।६।१४ | श्रृजनशिल आधारभूत विद्यालय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०,००,०००.० |
| १०. | २०-०८१।६।१४ | त्रिभुवन जन माध्यमिक विद्यालय, लुहापिङ्ग | प्रति विद्याथी लागतका आधारमा सामाग्री तथा डिजिटल सिकाई व्यवस्थापनका लागि विद्यालय अनुदान | १,३१,०६७.० |
| | | | **जम्मा** | **१,२४,४२,८०९.०** |

३३.३ **दिवा खाजाः** शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.११.११ मा तोकिएका विद्याथीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत वालविकास देखि कक्षा ५ सम्मका २७५५ विद्याथीलाई दिवा खाजा उपलव्ध गराउन रु.६४,२७,८०४.० पालिकाबाट विद्यालयहरुलाई निकासा उपलब्ध गराएको देखियो। कार्यविधी अनुसार दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सवै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयका एकरुपता कायम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधीको छनौट गरी सार्वजनिक गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधी,२०७६ मा उल्लेखित मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरु विशेषत : आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालय बाहिरबाट क्याटरिङको व्यवस्था गरेर, एकीकृत भान्सा वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउने लगायतका कार्यान्वयन प्रक्रिया उल्लेख गरेको छ। लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा विद्यालयहरुले दिवा खाजाको लागि आवश्यक सामाग्री खरिद गरेको बिल भरपाई संलग्न नगरेको, विद्यालयहरुलाई हाजिरी अभिलेखको आधारमा मात्र निकासा दिने गरिएको र पालिकाबाट भएको अनुगमन प्रतिवेदन संलग्न नगरेको जस्ता कैफियतहरु देखिएका छन्। जसले गर्दा कार्यविधीमा उल्लेख भएका कार्यान्वय प्रक्रियाको अक्षरस पालना र बास्तविक विद्याथीको संख्याको आधारमा दिवा खाजा निकासा भए नभएको सम्वन्धमा यकिन गर्न नसकिएकोले यस सम्बन्धमा पालिकाले थप विश्लेषण गरी दिवाखाजा वापत निकासा भएको रकमको सहि सदुपयोग भए नभएको सम्वन्धमा यकिन गर्नुपर्दछ।

३३.४ **आन्तरिक स्रोतबाट विद्यालयलाइ अनुदानः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।पालिकाले संघीय समानिकरण समेतको नगरपालिका चालु खर्च शीर्षकबाट १४ विद्यालयलाई रु.३०९९०००।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ। जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी बिद्यार्थी संख्या रहेका ८ विद्यालयलाई समेत १६,५२,०००।- पालिकाको आन्तरिक स्रोतबाट अनुदान निकासा दिई खर्च लेखेको विवरण प्राप्त भएको छ।पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक स्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शीर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन।यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ।

| सि.नं | बिद्यालयकोनाम | कक्षा ... सम्म | जम्माबिद्यार्थि संख्या | जम्माशिक्षक संख्या | अनुदानबाटसुबिधा पाउने शिक्षक संख्या | पालिकाश्रोतबाट अनुदान निकासा |
|---|---|---|---|---|---|---|
| १ | श्री शारदा आ वि चैवाङ | १-५ | ६८ | ५ | १ | २२६००० |
| २ | श्री सिद्धार्थ आ वि जोगिदेउखोला | १-३ | २४ | ३ | १ | २२६००० |
| ३ | श्री ज्ञानज्योति आ वि टाकुरा | १-३ | २८ | ३ | १ | २२६००० |
| ४ | श्री बालकल्याण आ वि चलाउनेपानी | १-३ | २६ | ३ | १ | २२६००० |
| ५ | श्री बालकल्याण आ वि तल्लो स्याला | १-३ | १९ | ३ | १ | २२६००० |
| ६ | श्री सरस्वती आ वि भंगारचौर | १-३ | ३८ | ३ | १ | २२६००० |
| ७ | श्री जनचेतना आ वि मथिल्लो स्याला | १-३ | ३० | ३ | १ | २२६००० |
| ८ | श्री जनजागृती आ वि मेलटकाकुरा | १-३ | ३२ | ३ | १ | २२६००० |
| ९ | श्री शिव मा वि मुलडाडा | १-१२ | ३७७ | १२ | २ | ३४२००० |
| १० | श्री जनविकास आ वि ओखेनी | १-८ | १५१ | ९ | १ | २७४००० |
| ११ | श्री जीवन ज्योति आ वि सापमारा | १-५ | ६० | ४ | १ | १२३००० |
| १२ | श्री भुवनेश्वरी मा वि सुनचौर | १-१० | २९० | ९ | १ | २०८००० |
| १३ | श्री शिद्ध आ वि मधाना | १-५ | ४२ | ४ | १ | ७०००० |
| १४ | श्री त्रिभुवन जनता मा वि मार्के | १-१० | ५६२ | १६ | १ | २७४००० |
| | **जम्मा** | | | | | **३०९९०००** |

३३.५ **स्यानिटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १७३४ जना रहेका छन। पालिकाले विएन इन्टरप्राइजेज, विरेन्द्रनगर बाट ५१००० प्याकेट स्यानिटरी प्याड रु.११,६१,२४४.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि केही पालिकामा नै मौज्दातमा राखेको देखियो। मौज्दातमा रहेका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने साथै खरिद गरिएका प्याडहरु समयमा विद्यालयहरुमा पठाउने व्यवस्था मिलाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३३.६ **लागत अनुमान तयार नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही स्थानीय बजारमा प्रचलित दरभाउ, सार्वजनिक निकायले चालु वा अधिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले स्यानिटरी प्याड व्यवस्थापन मेशिन ९ थान रु.९९,९८०.० का दरले रु.८,९९,८२०.० मा डेविड मेडिसन

सप्लायर्सबाट खरिद गरेको देखियो ।यसरी नियमावलीले तोकेको मुल्य भन्दा बढीको सामाग्री खरिद गर्दा सम्वन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गरेर खरिद गर्नुपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन तयार नगरी बजारबाट खरिद गरेको कार्यलाइ कानुनसम्मत भएको भन्न मिल्ने देखिएन ।

३४ **स्वास्थ्यतर्फः**

३४.१ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले यो वर्ष १ बिक्रेताबाट शिलबन्दी दरभाउपत्रको बिधिबाट र ३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट जनस्वास्थ्य सम्वन्धी औषधी तथा सर्जिकल सामग्री खरिदमा जम्मा रु.३८५८०४६। भुक्तानी गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको सिस्टमबाट आम्दानी र खर्च लेखिएको जनाएतापनि जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको सिस्टमबाट खर्च घटाइएको जनाएतापनि खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३४.२ **औषधी खरिद टुक्राएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ।सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम १ बिक्रेताबाट शिलबन्दी दरभाउपत्रको बिधिबाट लागत अनुमान भन्दा ०.८५% घटीदरमा रु. १९५३३४१.०० र ३ बिक्रेताबाट खुला ३ दरभाउपत्र तथा सोझै माध्यमबाट लागत अनुमानकै मुल्य रु.१९,०४,७०५.००रकमको जनस्वास्थ्य सम्बन्धी औषधी र सर्जिकल सामान खरिद गरी रु.३८,५८,०४६.०० भुक्तानी गरेको छ। पालिकाले शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको र सोझै दरभाउपत्रबाट गरेको खरिदमा न्युन तथा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट औषधी तथा सर्जिकल सामान खरिदमा न्युन प्रतिस्पर्धा भइ कार्यालयलाई लागत थप बढ्न गएको देखिन्छ।यसप्रकार टुक्रा गरेर शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको र खुला दरभाउपत्रबाट गरिएको खरिद कार्यमा नियन्त्रण गरी नियम बमोजिम खरिद गर्नुपर्दछ।

| खरिदको बिबरण | खरिद बिधि | आपुर्तिकर्ता फर्मको नाम | लागत अनुमान रकम | प्रथम घटी % | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| औषधी खरिद | सिलबन्दि दरभाँउ पत्र | मुक्तिनाथ मेडिको फर्मा | १९९८७६५ | ०.८५ | १९,८३,०८८ | १९,५३,३४१ |
| औषधी खरिद | कोटेशन | मास मेडिसेल्स | ३,५८,७८५ | ० | ३,५८,७८५ | ३,५५,००४ |
| सर्जिकल सामाग्री | कोटेशन | प्रकाश मेडिसिन स्टोर्स | ५,४९,७८५ | ० | ५,४९,७५३ | ५,४९,७५३ |
| औषधी खरिद | कोटेशन | डेभिड मेडिसिन सप्लायर्स | १,०००,००० | ० | ९,९९,९४८ | ९,९९,९४८ |
| **जम्मा** | | | **३९०७३३५** | | **३८९१५७४** | **३८५८०४६** |

३४.३ **औषधीको सदुपयोगः** आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ।नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन्।कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन।कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८१।८२ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो।जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो।यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ।यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु नोक्सानी हुन गएको सम्वन्धमा यथार्थता यकिन हुनुपर्दछ।

| सि नं | औषधीको नाम | प्राप्ति (खरिद/प्रदेश सरकार/संघिय सरका) | म्याद समाप्त मिति | परिमाण | मुल्य रु |
|---|---|---|---|---|---|
| १ | Chlorhexidine gel 4% | Pradesh | Oct,2025 | ४४ | नखुलेको |
| २ | Tetracycline 1% eye ointment | Local | Oct,2024 | ५१ | नखुलेको |
| ३ | Rational vitamin A capsule | Federal | Feb,2025 | ७७० | नखुलेको |
| ४ | Ferrous sulfate | Pradesh | Apr,2025 | २१०० | नखुलेको |
| ५ | RUTF | Pradesh | Mar,2025 | ४७० | नखुलेको |
| ६ | Ceftraxone 250mg | Pradesh | Mar, 2025 | १० | नखुलेको |
| ७ | Inj hysosine butylbromide | Pradesh | Mar, 2025 | ८५ | नखुलेको |
| ८ | Aspirin | Pradesh | Mar, 2025 | २८० | नखुलेको |
| ९ | Allumunium hydroxide+mg hydroxide | Local | May,2025 | ४८५० | नखुलेको |
| १० | Amoxicillin 125mg | Local | May,2026 | १२५५ | नखुलेको |
| ११ | Amoxicillin 250mg | Local | May,2027 | ७४०० | नखुलेको |
| १२ | Ciprofloxacin 250mg | Local | May,2028 | ६५० | नखुलेको |
| १३ | Ciprofloxacin 500mg | Local | May,2029 | १२५० | नखुलेको |
| १४ | Diclofenac 50mg | Local | May,2030 | ५०० | नखुलेको |
| १५ | Doxycycline 100mg | Local | May,2031 | ८०० | नखुलेको |
| १६ | Frusemide | Local | May,2032 | १५३० | नखुलेको |
| १७ | Tab hyoscine butylbromide 10mg | Local | May,2033 | १२१० | नखुलेको |
| १८ | Misoprostole | Pradesh | May,2034 | ३८० | नखुलेको |
| १९ | Calamine lotion | Local | May,2035 | १३२ | नखुलेको |
| २० | Povidine iodine | Local | May,2036 | ५४ | नखुलेको |
| २१ | Clotrimazole 1% cream | Local | May,2037 | १२ | नखुलेको |
| २२ | Metronidazole 200mg | Local | May,2038 | ५१०० | नखुलेको |
| २३ | Losartan 50mg | Pradesh | May,2039 | ५३२ | नखुलेको |
| २४ | Oxytocine | Pradesh | May,2040 | १२ | नखुलेको |
| २५ | Calcium gluconate | Pradesh | May,2041 | २५ | नखुलेको |
| २६ | Salbutamol | Local | May,2042 | १७०० | नखुलेको |
| २७ | Clotrimoxazole ss | Local | May,2043 | १७०० | नखुलेको |
| २८ | Clotrimoxazole ds | Local | May,2044 | १८०० | नखुलेको |
| २९ | Cipro eye ointment 1% | Local | May,2045 | २५ | नखुलेको |
| ३० | Magnesium sulfate | Pradesh | May,2046 | २ | नखुलेको |
| ३१ | Ciftraxone 500mg | Pradesh | May,2047 | ६ | नखुलेको |
| ३२ | Resperidone 1mg | Pradesh | May,2048 | १८० | नखुलेको |
| ३३ | Resperidone 2mg | Pradesh | May,2049 | ७० | नखुलेको |
| ३४ | Silver sulfadiazine 0.2% ointment | Local | May,2050 | ८ | नखुलेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | Disposable syringe 3ml | Local | May,2051 | ४० | नखुलेको |
| ३६ | Syp azithromycine | Pradesh | May,2052 | ४५ | नखुलेको |
| ३७ | Syrup paracetamol | Local | May,2053 | ४४ | नखुलेको |
| ३८ | Chlorpheniramine maleate ing | Pradesh | May,2054 | ५६ | नखुलेको |
| ३९ | Gentamycin Ing 80mg/2ml | Local | May,2055 | ३६५ | नखुलेको |
| ४० | Ibuprofen 400mg | local | May,2056 | १६५० | नखुलेको |

३५ **कृषि अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ।पालिकाबाट प्राप्त बिबरण अनुसार सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ४ कृषक समूह तथा संस्थालाइ कृषि सामग्री, औजार तथा उपकरणहरुको लागि रु.१३,३५,४७७।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| क्र.सं. | अनुदान दिएकोसंस्थाको नाम र ठेगाना | अनुदान विषय | सम्झौता रकमरु. | अनुदान भुक्तानी | | | अनुदान उपयोगको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षसम्मको भुक्तानी रु. | यस वर्षको भुक्तानी रु. | जम्मा भुक्तानी रु. | |
| १ | बागचौर कृषक समूह, शारदा न.पा. - ०९, बागचौर | मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम | ३,५५,९९० | अभिलेख नरहेको | १,७०,४३३ | १,७०,४३३ | वितरित कृषि सामग्री, औजार तथा उपकरणहरु प्रयोग भइरहेका। |
| २ | कजेरी बहुउद्देश्यीय सहकारी संस्था ली. शारदा न.पा.-०६, बरला | मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम | २,३५,९४६ | अभिलेख नरहेको | १,१९,८०३ | १,१९,८०३ | वितरित कृषि सामग्री, औजार तथा उपकरणहरु प्रयोग भइरहेका। |
| ३ | बरला कृषि बहुउद्देश्यीय सहकारी संस्था ली., शारदा न.पा.-०६, बरला | मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम | ४,१५,९५६ | अभिलेख नरहेको | २,०९,९७८ | २,०९,९७८ | वितरित कृषि सामग्री, औजार तथा उपकरणहरु प्रयोग भइरहेका। |
| ४ | रानीकोट एग्रो इण्डष्ट्रिज प्रा.लि., शारदा न.पा.-०५, रानीकोट | कफी पकेट विकास कार्यक्रम | १६,६२,६१५ | अभिलेख नरहेको | ८,३५,२६३ | ८,३५,२६३ | वितरित कृषि सामग्री, औजार तथा उपकरणहरु प्रयोग भइरहेका। |

३६ **कामको प्राविधिक पुस्ट्याईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाबाट २८ थान ग्याबियन बक्स खरिद वापत भुवनदाई सप्पायर्सलाई रु.१,४८,७०८।- भुक्तानी दिएको देखियो ।खरिद भएको उक्त ग्याबियन बक्स प्रयोग गरी भएको कार्यलाई पुस्ट्याई गर्ने कागजात श्रेस्ता साथ पेश नभएकोले उक्त ग्याबियन बक्स प्रयोग भई सम्पन्न भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | आपूर्तिकर्ता | सामानको नाम | परिमाण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| २६४/०८२/०३/१६ | भुवनदाई सप्लार्यर्स (६०३११९८५९) | ग्याबियन बक्स | २८ | १,४८,७०८ | प्रयोग भएको नदेखिएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,७०८ |

३७ **स्वलगानीको रकम असुलः**

पालिकाको कार्यपालिकाले ३० प्रतिशत स्वलगानीमा सिलाई कटिङ्ग मेसिन खरिद गरी लक्षित वर्गलाई वितरण गर्ने भनी गरेको निर्णय बमोजिम कार्यपालिकाले गो.भौ.नं. ३५४ मिति २०८२/०३/२४ Infinitive Enterprises बाट ८ थान सिलाई कटिङ्ग मेसिन खरिद गरी रु.३,०७,०००।- भुक्तानी दिएको छ। उक्त मेसिन लक्षित वर्गलाई वितरण गरेको प्रमाण पेश नहुनुको साथै स्वलगानीको ३० प्रतिशत रकम पालिकालाई आम्दानी भएको नदेखिएकोले सो वापतको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,१०० |

३८ **खरिदको प्याकेजः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरु र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा पालिकाको आवश्यकता र लाभ लागतलाइ बिश्लेषण गरी अत्यावश्यक भएमा मात्र खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा आवश्यक्ता र लाभ लागतलाइ बिश्लेषण समेत नगरी एउटै प्रकृतिका खरिदहरु समेत छुट्टाछुट्टै रुपमा ३ वटा खुला दरभाउपत्र लिइ देहाय बमोजिम खरिद गरेको देखियो । यसका केही उदाहरण निम्नानुसार छन्ः

| **गो.भौ.नं/मिति** | **मेसिन/उपकरण/सवारी साधन** | **आपूर्तीकर्ता** | **लागत अनुमान** | **भुक्तानी** |
|---|---|---|---|---|
| १३२/०८१/१२/२२ | व्याक होलोडर JCB १ थान | MAWEARTH MOVERS PVT. LTD. | ५०लाख | ४८,९९,०००।- |
| २१/०८२/०२/०४ | टिपर ११ थान | IME Motors Pvt. Ltd | ५३ लाख | ४८,००,०००।- |
| ३२२/०८२/३/२२ | बस १ थान २५ सिटे | सिप्रडी ट्रेडिङ्ग प्रा.लि. | ५३ लाख | ४३,६९,०००।- |
| ३७३/०८२/३/२५ | एम्बुलेन्स १ थान | अग्री इन्कर्पोरेटेड प्रा.लि. | २५लाख | २४,२१,०००।- |
| ५२/०८२/३/२३ | मोटरसाइकल १ थान | ड्रिमल्याण्ड ट्रेर्डस प्रा.लि. | - | ३,७६,९००।- |
| | **जम्मा** | | | **१६८६५९००** |

तारकेश्वर नगरपालिका काठमाडौंले उक्त एम्बुलेन्स खरिदको रकम सोधभर्ना दिएको छ। विगतमा भन्दा सुधार र आगामी दिनमा थप सुधार गर्दै जाने व्यहोरा कार्यालयले जनाएको छ ।

३९ **परामर्शदाताः**

३९.१ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २९(क) मा परामर्ष सेवा खरिद गर्दा सम्बन्धित सार्वजिक निकायमा उलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्न सकिने र नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक

निकायमा कार्यरत जनशक्तिबाट हुन नसक्ने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार परामर्श सेवा सोझै र ३ वटासंग दररेट लिएर खरिद गरी रु. ६४९२२६६.० खर्च लेखेको छ। जसमा निम्नानुसार छ ।

| गो.भौ.नं/मिति | कार्यको विवरण | परामर्शदाता | लागत अनुमान रु. | सम्झौता रु. | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १६२२/०८२/०३/२२ | नगरपालिकाको कृषि विकास रणनीति गुरु योजना तयारी | क्रिएटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.ली. | १९९७८४० | १९९७८४० | १९९७८४० | सोझै ३ सँग प्रस्ताव लिएर |
| १५७८/०८२/०३/१९ | नगरपालिकाले संचालन गरेका कार्यक्रम तथा सेवाहरुको भिडियो सामाग्री उत्पादन गर्ने | शितलपाटी भिडियो प्रा.लि. | - | ९९६६६० | ९९६६६० | सोझै ३ सँग दररेट लिएर |
| २७/०८२/०२/१६ | वडा नं २ र ३ स्थित डम्पिङ्ग साइटको DPR अध्ययन | आवाज इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ८९७८१३ | ८९४९६० | ८९४९६० | सोझै ३ सँग दररेट लिएर |
| ५८/०८२/०३/२३ | वडा नं २ र ३ स्थित डम्पिङ्ग साइटको IEE अध्ययन | एभेरेष्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ७९४३९० | 7,94,390 | ७९४३९० | सोझै ३ सँग दररेट लिएर |
| ५६/०८२/३/२३ | फोहोर व्यवस्थापन अभिमूखिकरण तालिम संचालन | सस्टेनवेल डेभलपमेण्ट नेटवर्क प्रा.ली. | - | - | ४९२००० | सोझै |
| | ओख्रेनी जैतपानी रोडको डि पि आर निर्माण | श्री सुप्राम्याचइञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४५०००० | ४४०७०८ | ४४०७०८ | सोझै |
| | बरला सापमारा जैतपानी मोटरबाटोको ड पि आर | श्री सुप्राम्याचइञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४५०००० | ४४०७०८ | ४४०७०८ | सोझै |
| | जैतपानी धिरुवा नयाँबस्ती मोटरबाटोको डी पि आर निर्माण | श्री रोयल हिमालयनइञ्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा लि मुगु | ४,३५०००० | ४,३५०००० | ४,३५०००० | सोझै |
| | | | ५०३१३८७ | ६०००२६६ | ६४९२२६६ | |

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

३९.२ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ।कार्यालयले उपरोक्त बमोजिमको अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ।यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

३९.३

**न्यून प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु. ५ लाखसम्मका लागत अनुमान भएका कार्यमा प्रत्येकमा ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर प्रस्ताव छनौट गरेको छ । यसरी छनौट भएका घटीवालासंग सम्झौता गरेको देखियो । यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।

३९.४ अभिलेखिकरण र संचालन: कार्यालयले विगतमा र हाल कार्यालयमा विकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययनका प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।

४० **टुक्राएर प्रशासकीय भवन निर्माणः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा (१) मा खरिदका विधिहरु र उपदफा (२) मा खरिद कार्य टुक्राउन नहुने सम्बन्धमा उल्लेख रहेको छ । पालिकाको प्रशासकीय भवन निर्माण गर्न विगत वर्षमा रु. ६,२२,३०,९३१।- कुल लागत अनुमान सहितको डिपिआर अध्ययन परामर्शदाता Moon light civil solution pvt.ltd. बाट गराइएको ब्यहोरा जनाइएको छ । तत्पश्चात दुई तला र पहिलो तलासहितको भवन निर्माण कार्य विगत वर्ष २०७५/७६ तिर गराइएको व्यहोरा जनाएता पनि सो सम्बन्धी कुनै प्रमाण फेलापार्न नसकेको व्यहोरा लेखा परीक्षणमा जनाइएको छ । दोस्रो तलाको सम्पूर्ण कार्य र तेस्रो तथा चौथो तलाको पिलर र विम सम्बन्धी कार्य आर्थिक वर्ष २०७९/८० मा निर्माण व्यवसायी जय वागेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स सँग रु.५८,१८,५३०।- (Ps बाहेक) गरी कार्य गराइएको र जसमा २३.५८ प्रतिशत थप काम सहितको कोटेसन आदेश स्वीकृत गरी जम्मा रु.७१,६०,७४५।- निर्माण व्यवसायीलाई भुक्तानी भएको व्यहोरा कार्यलयले जनाएको छ । उक्त भवनको तेस्रो र चौथो तलामा पिलर बिम बाहेकको सम्पूर्ण कार्य र पाँचौं तलाको सम्पूर्ण कार्य गर्न भनि रु.१,५७,११,४१५।- रकमको लागत अनुमानलाई बोलपत्रबाट निर्माण व्यवसायी एस.वि.एस. निर्माण सेवा प्रा.ली. सँग रु.१०८,२१,३८४।- को सम्झौता मिति २०८०/८/२५ मा गरी कार्य सम्पन्न गर्ने अवधी २०८१ असाढ सम्म तोकिएकोमा म्याद थप समेत २०८२/०२/१८ मा रु. १,०३,९८,५९२।- मा सम्पन्न गरेको छ । यसरी पटक पटक गरी ३ चरणमा निर्माण गरेको उक्त भवनको हाल सम्मको कुल लागत खर्च के कति हो कार्यालयले अभिलेख अद्यावाधिक गरि नराखेबाट यकिन हुन सकेन । त्यसै गरी DPR प्रतिवेदनले उल्लेख गरे अनुरुप उक्त निर्माण कार्य समयमा भयो भएन सोको गुणस्तर र परिमाण समेत यकिन हुन नसक्नुको साथै उक्त भवनको निर्माण पश्चात As build Drawing समेत तयार हुन सकेको छैन । नगरपालिकाको श्रोत र साधन एकैपटक खर्च लेखन गर्दा पालिकाको अन्य बिकास निर्माण र कार्यक्रम संचालन गर्न कठिनाइ हुने भएकोले क्रमागत रुपमा बिभिन्न आर्थिक वर्षमा गर्ने गरिएको कार्यालयले जनाएको छ ।

४१ **म्यादथपः**

पालिकाको प्रशासकीय भवनको तला थप सम्बन्धी निर्माण कार्य ठेक्का नः ०१/०८०/-८१ बाट निर्माण व्यवसायी एस.बि.एस. निर्माण सेवा प्रा.लि. सँग रु.१,०८,२१,३८४।- को ठेक्का सम्झौता निर्माण २०८०/८/२५ मा भई कार्य सम्पन्न गर्ने अवधी २०८१ अषाढ सम्म तोकिएकोमा दोस्रो पटक सम्म म्याद थप गरी कार्य सम्पन्न गर्ने अवधि २०८२/३/२० सम्म पुर्‍याइएको छ। निर्माण व्यवसायीले म्याद थप माग गर्नुको कारणमा दक्षजनशक्तिको अभाव भएको कारण तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकिएको व्यहोरा उल्लेख गरेको छ।निर्माण व्यवसायी र कार्यालय बिच भएको सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवासयीको कावु बाहिरको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा उत्पन्न भई तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकी ढिलाई हुन गएमा म्यादथप गर्न सकिने उल्लेख छ।उक्त ठेक्कामा निर्माण व्यवसायीको छनौट प्रकृयामा निजको सबै प्रकारको दक्षता मूल्याङ्कन गरी योग्य ठहरिएमा मात्र निजको प्रस्ताव स्वीकृत भई निजसँग सम्झौता हुने हुँदा सम्झौता कार्यान्वियनको चरणमा निजले दक्ष शक्तिको अभाव भयो भनि म्यादथप माग गर्ने कार्यलाई कावुबाहिरको परिस्थिती उल्लेख गर्न मिल्ने देखिदैन।यसप्रकार निजको म्याद थप गर्दा उक्त नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ती रु.९,५०,४४६।- असुल गर्ने गरी म्याद थपको निर्णय गर्नुपर्नेमा कार्यपालिकाले २०८१/६/२२ मा बिना हर्जना गरेको म्यादथपको कार्यलाई कानुन सम्मत भएको भन्न मिल्ने देखिएन।यसमा सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।

४२ **व्यवसायीक प्रयोजनमा निर्मित सम्पती व्यवसायमा नलगाएकोः**

व्यवसायीक प्रयोजनमा निर्मित सम्पत्ती व्यवसायमा नलगाएकोः- पालिकाले श्रीनगर बसपार्क र सो परिसर क्षेत्रमा सटरहरु सहितका भवन व्यवसायीक रुपले संचालन गरी पालिकाको आन्तरिक आम्दानी समेत वृद्धी गर्ने उद्देश्य राखी सघिंय सरकार र प्रदेश सरकारको समेत आर्थिक साझेदारीमा यो वर्ष २०८१/०८२ मा ठेक्का नः- ०६- ०८१/०८२ र ०३-०८१/८२ समेत २ ठेक्का व्यवस्थापन २ निर्माण व्यवसायीहरु क्रमशः NKNS-BGS-SRPJV. र खैरावाङ्ग माई कन्स्ट्रक्सन प्रा.ली. सँग क्रमशः रु.१,९०,५५,८४४।- र रु.७०,२९,४३६।- मा २०८१/१०/१० र २०८१/०८/१६ मा सम्झौता गरी क्रमशः २०८२/०२/१६ मा रु.१,९७,३७,१३७।- र २०८१/०३/०६ मा रु.७०,११,४८०।- को कार्य सम्पन्न गरी उक्त दुबै ठेक्काको अन्तिम बिल समेत भुक्तानी भई सकेको छ । यसरी निर्माण सम्पन्न भईसकेको संरचनाहरु लेखापरीक्षण अवधी २०८२/०४/३१ सम्म पनि व्यवसायीक प्रयोजनमा उपभोग गर्ने सम्बन्धमा पालिकाले कुनै पहल थालनी समेत गरेको नदेखिंदा यसतर्फ सम्बन्धितको ध्यान जानु पर्ने देखिन्छ ।

लेखापरीक्षणको अवधिमा आय ठेक्का व्यवस्थापनको कार्य भइरहेको व्यहोरा कार्यालयले जनाएको छ ।

४३ **कामको त्रुटी सच्चाउनेः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० उपनियम (४) मा कार्यसम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट पिरियड) अवधी भन्दा कम्तिमा एक महिना बढी अवधीको हुनुपर्ने, नियम ११२ उपनियम (१) खण्ड (ङ) (१) मा निर्माण व्यवसायीले त्रुटी सच्चाउने दायित्व को अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानी नोक्सानीको बिमा गराउनु पर्ने, नियम १२४ मा त्रुटी सच्चाउने अवधी भित्र सम्बन्धित निर्माण व्यवसायीले त्रुटी नसच्चाएमा सार्वजनिक निकायले रिटेन्सन मनि वा जमानत वापतको रकम प्रयोग गरी त्रुटी सच्चाउन सक्ने उल्लेख छ । यस पालिकाको श्रीनगर वसपार्क क्षेत्रमा वसपार्क निर्माण तथा व्यवस्थापन कार्यको लागि ठेक्कान नं ०६/०८१/०८२ बाट निर्माण व्यवसायी एनके.एन.एस.बि.जि.एस./ एस.आर.पि.जे.भि सँग रु. १,९०,५५,८४४।-को ठेक्का सम्झौता मिति २०८१/१०/१० मा गरी कार्य सम्पन्न गर्ने अवधी २०८२/३/१६ सम्म तोकिएकमा निर्माण व्यवसायीले मिति २०८२/२/१६ मा उक्त तोकिएको कार्य सम्पन्न गरी ३ वटा ठेक्का विलका गो.भौ.नं. १२, १५,३५,१३१,१७३, र २१४ बाट निजलाई जम्मा रु.१,९७,३७,१३७।-भुक्तनी गरेको छ । उक्त ठेक्काको त्रुटी सच्चाउने डिफेक्ट पिरियड (DLP) ३६५ दिन तोकिएकोमा उक्त निर्माण कार्यको सम्वन्धमा लेखापरीक्षणको समयमा एक स्थानिय संचार माध्यमबाट प्रशारीत समाचारमा बसपार्कको पिच गरेको क्षेत्रमा कहिकतै स-साना चिराहरु पर्न गएको जस्ता स-साना त्रुटीहरु रहेको प्रशारण भएको पाइयो। हाल उक्त निर्माण कार्य त्रुटी सच्चाउने डिफेक्ट पिरिएडमा रहेकाले निर्माण व्यवसायीबाट वा निजको बिमा वा जमानत आदिबाट उक्त निर्माण कार्यमा देखिएको त्रुटी तथा छुटपुट कार्यहरु पुरा गरेर मात्र उक्त निर्माण कार्यको नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरिनु पर्दछ । यसको फोटो निम्नानुसार छ ।




उत्कृष्ट कार्य सम्पादन हुदा पनि मिडियामा अनावश्यक टिका टिप्पणी भएको, वातावरण र तापक्रमका कारण सामान्य रौ जस्तो क्र्याक देखिएकोलाइ मिडियामा अतिरन्जित गरिएको र पालिकाको जनशक्तिले स्थलगत निरीक्षण गर्दा नांगो आखाले हेर्दा मेडियामा उल्लेख गरे जस्तो डिफेक्ट देखिन नआएको व्यहोरा कार्यालयले जनाएको छ ।

४४ **भेरिएसनः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली २०६४ को नियम ११८ मा निर्माण कार्यको भेरिएसन आदेश जारी गर्ने अवस्था, विधी र प्रकृयाका सम्बन्धमा विविध प्रावाधानहरु रहेको छ । साङ्गार लिफ्ट खानेपानी आयोजना निर्माण कार्यको लागी ठेक्का

नं. ०९-०८१/०८२ का निर्माण व्यवसायी आर्थिक विल्डर्स (Orphic builders) सँग रु.९८,१७,७९८।- को ठेक्का सम्झौता मिति २०८१/११/११ मा भई कार्य सम्पन्न गर्ने २०८२ जेष्ठ मसान्त सम्म तोकिएको छ । निर्माण व्यवसायीले मिति २०८२/०३/२४ मा रु. ७२,५४,०३९।- अर्थात ८१.५४ प्रतिशत कार्यसम्पन्न गरेकोलाई कार्य सम्पन्न गरेको जनाई कार्यालयले कार्य स्वीकार प्रतिवेदन समेत स्वीकृत गरी अन्तिम बिलको भुक्तानी समेत गरेको छ । यस प्रकार १८.४६ प्रतिशत घटी कार्यमा सम्पन्न गर्नु पर्नुको प्राविधिक पुष्ट्याई र कानूनी आधार सहित नियमानुसार उक्त निर्माण कार्यको भेरिएसन आदेश स्वीकृत गर्नु गराउनु पर्नेमा सम्झौताका दुवै पक्षबाट उक्त कार्य भए गरेको नदेखीएबाट अनियमित भएको रु.

(यसप्रकारको कार्य गर्न पालिकामा बिद्यमान आवश्यक जनशक्ति नभएको तथा डिजाइन र इस्टिमेटमा उल्लेख भएको कार्य परिमाण फिल्डमा काम गर्दा सो बमोजिमको आवश्यक नपरेकोले कार्यपालिकाबाट ठेक्का अन्त्यको निर्णय भएकोले सम्पन्न गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।)

| | |
|---|---|
| अनियमित भएको | ७२,५४,०३९ |

४५ **ढिला काम सम्पन्न गरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण ठेक्काको म्याद थप हुने विधि र प्रकृया र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ती असुल गर्ने सम्बन्धमा उल्लेख रहेको छ। यस पालिकाको श्रीनगर बसपार्कमा सटर सहितको व्यवासायिक भवन निर्माण कार्यका लागि ठेक्का नं. ०३- ०८१/०८२ बाट निर्माण व्यवसायी खैरावाङ्ग माई कन्स्ट्रक्सन प्रा.ली. सँग रु. ८०,६९,५५०।- को ठेक्का सम्झौता मिति २०८१/९/१८ मा भई कार्य सम्पन्न गर्ने अवधी २०८२ जेष्ठ मसान्त सम्म तोकिएको छ।उक्त निर्माण कार्य निर्माण व्यवसायीले २०८१/३/१७ मा सम्पन्न गरी अन्तिम बिल भुक्तानीको लागी कार्यालयमा निवेदन दर्ता गरी यो वर्ष २ वटा ठेक्का विलबाट जम्मा रु.८५,७१,५०६।- र गो.भौ.नं. ३५७ बाट रु.१५,८३,११८।- भुक्तानी लिएको छ।यसप्रकार निर्माण व्यवसायीले १६ दिन ढिला गरेर कार्य सम्पन्न गरेकोमा उक्त नियम १२० बमोजिम ठेक्का सम्झौताको म्यादथप गरे गराएको नदेखिएकोले उक्त ढिला अवधीको नियम १२१ बमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ती रु.५६२१७।- असुल गरेर मात्र कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम बिलको भुक्तानी गर्नुपर्नेमा कार्यपालिकाको निर्णयानुसार सम्पन्न गरेकोले भुक्तानी गरेको भनि जनाइएको छ।यसप्रकार पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरी निजलाइ अन्तिम बिलको भुक्तानी गरेको कार्य कानुनसम्मत भएको पाइएन।

४६ **ढिला काम गरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताको म्यादथप र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ती असुल गर्ने सम्बन्धमा प्रावधानहरु रहेको छ । उक्त निर्माण कार्यमा निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको अवधी २०८२ जेष्ठ मसान्तमा निर्माण कार्य सम्पन्न नगरी २०८२/०३/२४ मा मात्र सम्पन्न गरेकोले अन्तिम भुक्तानी पाउँ भनी कार्यालयमा निवेदन दर्ता गरेको छ । यसप्रकार नियमले २३ दिन ढिला गरी कार्य सम्पन्न गरेकोमा उक्त नियम १२० को विधि र प्रकृया पुरा गरी सम्झौताको अवधी थप गर्न माग गरेको र कार्यालयले समेत थप गर्ने निर्णय गरेको देखिन आएन तसर्थ उक्त ढिला अवधीको नियम १२१ बमोजिम लाग्ने पुर्वनिर्धारित क्षतिपूर्ती रकम रु.८९,३४६।- असुल गरेर मात्र कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम बिलको भुक्तानी गर्नुपर्नेमा कार्यपालिकाको निर्णयानुसार सम्पन्न गरेकोले भुक्तानी गरेको भनि जनाइएको छ । यसप्रकार पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरी निजलाइ अन्तिम बिलको भुक्तानी गरेको कार्य कानुनसम्मत भएको पाइएन ।

४७ **घटी अवधीको बिमाः**

कार्यालय र निर्माण व्यवसायी बिच भएको सम्झौताका शर्तहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ का शर्तहरु पुरा हुने गरी निर्माण व्यवसायीले निर्माण कार्य र जनशक्तिको बिमा गरी बीमालेख पेश गर्नुपर्दछ । साङ्गार लिफ्ट खानेपानी ठेक्का सम्झौता मिति २०८१/११/११ मा भई कार्यसम्पन्न गर्ने अवधी २०८२ जेष्ठ मसान्तसम्म तोकिएको छ । तर निर्माण व्यवसायीले उक्त ठेक्का सम्झौताको निर्माण कार्य र जनशक्तीको बिमा गर्दा भने सम्झौता अवधी समाप्त भएको २३ दिन पछि २०२५/०७/०७ (वि.सं. २०८२/०३/२३) मा निर्माण कार्यको बिमा २ दिनको लागी अर्थात २०२५/०७/०८ सम्म र जनशक्तीको बिमा १ वर्षको लागी अर्थात २०२६/०७/०६ सम्म बिमा गरेको बिमालेख पेश गरेको आधारमा सोको बीमा शुल्क ठेक्का विलमा समावेश गरी रु६९,३७६।- निर्माण

व्यवसायीलाई भुक्तानी गरेको छ । यसप्रकार प्रयोजन पुरा भैसकेपछि गरेको बिमा भुक्तानी प्रयोजनको लागि मात्र भएको र उक्त कार्य उक्त सम्झौता र नियमका शर्तहरु अनुरुप नदेखिंदा निर्माण व्यवसायीबाट उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,७३६ |

४८ **घटी अवधीको बीमाः**

कार्यालय र निर्माण व्यवसायी बिच भएको सम्झौताका शर्तहरु र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ का शर्तहरु पुरा हुने गरी निर्माण व्यवसायीले निर्माण कार्य र जनशक्तीको बिमा गरी विमालेख पेश गर्नु पर्दछ । पालिकाको वडा नं २ स्थित बौद्ध पार्क निर्माण गर्ने ठेक्का नं ०४- ०८१/०८२ का निर्माण व्यवसायी वि.एस. सप्लायर्स एण्ड वि.जि. निर्माण सेवाको सम्झौता मिति २०८१/०४/०६ मा भई उक्त कार्य मिति २०८१/१२/१९ मा सम्पन्न गरी अन्तिम बिलको भुक्तानी पाउन कार्यालयमा निवेदन पेश गरी दर्ता भएको देखिन्छ । तर निर्माण व्यवसायीले उक्त ठेक्का सम्झौताको जनशक्ती तर्फको बिमा गर्दा भने कार्य सम्पन्न भैसकेको १० दिन पश्चात् २०२५/०४/०९ (वि.सं २०८१/१२/२८) मा निर्माण कार्यका जनशक्तिको बिमा १ वर्षका लागि अर्थात २०२६/०४/०९ सम्म बिमा गरेको बिमालेख पेश गरेको आधारमा सोको बिमा शुल्क ठेक्का विलमा समावेश गरी रु.१६,०२०।- निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । यसप्रकार प्रयोजन पुरा भैसकेपछि गरेको बिमा भुक्तानी प्रयोजनका लागी मात्र भएको र उक्त कार्य उक्त सम्झौता र नियमका शर्तहरु अनुरुप नदेखिंदा निर्माण व्यवसायीबाट उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,०२० |

४९ **ठेक्का टुक्र्याएकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी ठेक्का टुक्र्याउन नहुने उल्लेख छ। पालिकाको वडा नं १ स्थिति श्रीनगरमा एक बहुउद्देश्यीय भवन निर्माण गर्ने वि.एस. सप्लायर्स एण्ड वि.जि. निर्माण सेवासँग लागत अनुमान रु. ६७,२८,८८७।- को तुलनामा ३५.६२ प्रतिशत घटि कबोल अंक रु.४४,१९,७११।- मा मिति २०८१/११/१२ मा सम्झौता भई कार्य गराएको छ। पालिकाले सोही बहुउद्देश्यीय भवन निर्माणको थप कार्य गर्न सोझै ३ वटा दरभाउ पत्रको माध्यमबाट निर्माण व्यवसायी आरोही अच्यूत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग लागत अनुमान रु. ५,६५,०४२।- को तुलनामा १.८५ प्रतिशत घटी कबोल अंक रु.५,५४,५९१।- मा मिति २०८२/०३/१३ मा सम्झौता भई कार्य गराएको देखियो । यसप्रकार पालिकाले उक्त कानून विपरित एउटै भवन निर्माण गर्न एउटै आर्थिक वर्षमा २ छुट्टाछुट्टै टुक्रा बनाई कार्य गराएबाट बोलपत्रको तुलनामा सोझै ३ दरभाउ पत्र लिएर कार्य गराउँदा लागत अनुमानमा३३.७७ प्रतिशतले हुने रु.१,९०,८१४।- रकम पालिकालाई थप व्ययभार पर्न गएको छ ।

५० **खानेपानी तथा सरसफाई तर्फः**

यस पालिका भित्रका सम्पूर्ण नागरिकलाई स्वच्छ र सुद्ध खानेपानी उपलब्ध गराउने र ग्रिन शारदा र क्लिन शारदाको अवधारणालाई सहयोग पुर्‍याउने उद्देश्यले विश्व बैंकको सहुलियत पूर्ण ऋण ८० प्रतिशत, प्रदेश सरकारको १३ प्रतिशत र पालिकाको ७ प्रतिशत लागत सहभागितामा खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वधार सहयोग आयोजना (WASHSIST) लागु भएको छ। जस अन्तरगत पालिकाको २ वटा वडाका पुरै र ५ वटा वडाका आंशिक बासिन्दालाई स्वच्छ शुद्ध र पर्याप्त खानेपानी सेवा उपलब्ध गराउने ३ हजार घरधुरीमा मिटर जडान गवर्ने र केही साना खानेपानी योजनाहरुलाई यसै आयोजनामा माग गर्ने गरी यसै वर्ष जर्खु खानेपानी योजनाको ठेक्का व्यवस्थापन सम्पन्न गरी निर्माण कार्य सुरु भएको छ भने वडा नं १२ रेशम ज्यूला अटोभिलेज, वडा नं १ श्री शिवजन मा.बी. वडा नं २, श्री त्रिभुवन जनमाबि र वडा नं ८ श्री महेन्द्र मा.बी. मार्केमा १/१ वटाका दरले ४ वटा स्मार्ट शौचालय निर्माण गर्न समेत यसै वर्ष ठेक्का व्यवस्थापन मार्फत सम्झौता भई कार्य सुरु भएको छ।

५०.१ यस पालिका भित्रका सम्पूर्ण नागरिकलाई स्वच्छ र सुद्ध खानेपानी उपलब्ध गराउने र ग्रिन शारदा क्लिन शारदाको अवधारणालाई सहयोग पुर्‍याउने उद्देश्यले विश्व बैंकको सहुलियत पूर्ण ऋण ८० प्रतिशत, प्रदेश सरकारको १३ प्रतिशत र पालिकाको ७ प्रतिशत लागत सहभागितामा खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वधार सहयोग आयोजना (WASHSIST) लागु भइ योवर्ष आयोजनामा जम्मा रु. ३३३७३८७९। खर्च भइ भुक्तानी भएको छ। जसमा दातृनिकायको श्रोत तर्फ नेपाल सरकारबाट निकासा भएको रकमबाट रु. २६६९९१०३।, प्रदेश सरकारबाट निकासा भएको रकमबाट रु.४३३८६०४। र पालिकाको श्रोतबाट रु.२३३६१७२। खर्च भुक्तानी

गर्नुपर्नेमा प्रदेश सरकारबाट घटी रकम निकासा भएको जनाइ नेपाल सरकारबाट रु. २४३३३४२। र पालिकाबाट रु. २१२९१६। बढी भुक्तानी गरी सो बराबरले हुने रकम रु.२६४६२५८।- प्रदेश सरकारबाट घटी व्यहोरेको देखियो । यसप्रकार प्रदेश सरकारबाट घटी व्यहोरेको रकम प्रदेश सरकारबाट असुल गरी सम्वन्धित संघिय सरकार र पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४६,२५८ |

५०.२ वडा नं ८ र १० को पुरै र वडा नं ३,४,५,९ र ११ का आंशिक समेत २६८५ घरधुरीका १०,७४०।- जनसंख्यामा स्वच्छ शुद्व र पर्याप्त खानेपानी पुर्‍याउने लक्ष्य अनुरुप कुल लागत अनुमान रु. ४४,२७,६०,५८०।- रहेको अक्त आयोजना ठेक्का नं.४८०५२१ बाट गरिएको ठेक्का व्यवस्था अनुरुप निर्माण व्यवसायी हनुमान निरजे.भि को कवोल अंक रु. ३७,०४, ९५,७७१।- को ठेक्का सम्झौता मिति २०८२/०३/२० मा भई निर्माण कार्य सुरु भएको छ। यो आ.ब.मा निज निर्माण व्यवसायीलाई संघिय हस्तान्तरित पूजिगत बजेटबाट रु. १,८७,१८,०१६।- प्रदेश हस्तान्तरित पूजिगत बजेटबाट रु.१,९२,७३०।- र पालिकाको पुँजिगत बजेटबाट रु. १६,३७,८२६।- - समेत जम्मा रु२,०५,४८,५७२।- मोविलाइजेसन पेश्की उपलब्ध गराएको छ। निर्माणको सम्पूर्ण कार्य प्रथम चरण दुई वर्षमा र सफलतापूर्वक संचालन र परीक्षणको कार्य दोस्रो चरणमा थप १ वर्ष समेत ३ वर्षको सम्झौता अवधी रहेको उक्त आयोजनामा प्रतिसेकेण्ड १२ लि. दरले दैनिक ९,४६,६४९।- लिटर सुद्ध खानेपानी जनताको घरघरमा पुर्‍याउने लक्ष्य राखिएको छ। आयोजना समयमा सम्पन्न गर्न सबै पक्षले थप ध्यान दिनु पर्दछ।

५०.३ आर्थिक कार्यविधी तथा उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिका स्थित वडा नं १२ को रेशमज्यूला अटो भिलोजमा एक, वडा नं १ श्री शिवजन मा.बि.मा १, वडा नं २ श्री त्रिभुवन जन.मा.बी.मा १ र वडा नं ८ श्री त्रिभुवन जनता मा.बि मार्केमा १ गरी ४ वटा स्मार्ट शौचालय निर्माण गर्न प्रति शौचालय रु.९१,२६,८७९।- देखी रु.१,७८,९१,०६७।- का दरले कुल जम्मा लागत अनुमान रु. ५,९०,५७,६०२।- रहेको उक्त निर्माण कार्यको ठेक्का नं.४२४७६ बाट व्यवस्थापन मार्फत निर्माण व्यवसायी रोयल कन्स्ट्रक्सन सँग कवोल अंक रु.४,०८,२८,१४४।- मा मिति २०८१ पौष २२ मा सम्झौता भई कार्य सुरु गरिएकोमा उक्त सम्झौताको अवधी १ वर्ष तोकिएको छ। यो आर्थिक वर्षमा निर्माण व्यवसायीलाई संघीय हस्तान्तरित पूँजिगत बजेट, प्रदेश हस्तान्तरित पूँजिगत बजेट र नगरपालिका पूँजिगत बजेटबाट प्रथम रनिङ्ग विलको भुक्तानी रु. ८३,७६,३५८।७३ र मोविलाइजेशन पेश्की रु.६१,२४,२४९।- भुक्तानी भएको छ । उक्त ४ शौचालय मध्ये परीक्षणको लागि वडा नं ८ स्थित त्रिभुवन जनता मा.बि मार्के विद्यालयको उक्त सम्झौताको बखत विद्यालय भवनको अवस्था निम्न फोटोमा रहेको व्यहोरा नगरपालिकाले फोटो उपलब्ध गराउँदै जनाएको छ । उक्त विद्यालयको जस्ता पाताको छाना हावाहुरीले उडाएबाट बजेटको अभावमा छानो छाउन समेत मुस्किल परी विद्यालय, पालिका र केही जनताको सहयोगबाट बल्ल तल्ल छानो सम्म राख्न सकिएको व्यहोरा लेखापरीक्षणमा जनाइएको छ । उक्त कुल लागत रु.५,९०,५७,६०२।- मध्ये उक्त विद्यालयमा बन्ने स्मार्ट शौचालयको लागत रु. १,७८,९१,०६७।- रहेको छ । यसरी विद्यालयको भौतिक अवस्था दयनिय रहेको अवस्थामा समेत विश्व बैंकको ऋण सहयोगबाट यसप्रकारको स्मार्ट शौचालयको आवश्यक र औचित्य माथि सम्बन्धीत पक्षको ध्यान जानु पर्ने देखिन्छ ।



५१ **ढिला काम गरेकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सम्झौताको म्याद थप र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ती असुल गर्ने सम्बन्धमा प्रावधानहरु रहेका छन । उक्त निर्माण कार्यमा निर्माण व्यवसायीले सम्झौता बमोजिम तोकिएको अवधी २०८२ जेष्ठ मसान्तमा निर्माण कार्य सम्पन्न नगरी २०८२/०३/२३ मा मात्र सम्पन्न गरेकोले अन्तिम भुक्तानी पाउँ भनि कार्यालयमा निवेदन दर्ता गरेको छ। यसप्रकार नियमले २२ दिन ढिला गरी कार्य सम्पन्न गरेकोमा उक्त नियम १२० को विधी र प्रकृया पुरा गरी सम्झौताको अवधी थप गर्न माग गरेको र कार्यालयले समेत थप गर्ने निर्णय गरेको देखिन आएन । तसर्थ उक्त ढिला अवधीको नियम १२१ बमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ती रकम रु.४२२३७।– असुल गरेर मात्र कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम बिलको भुक्तानी गर्नुपर्नेमा कार्यपालिकाको निर्णयानुसार सम्पन्न गरेकोले भुक्तानी गरेको भनि जनाइएको छ । यसप्रकार पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरी निजलाइ अन्तिम बिलको भुक्तानी गरेको कार्य कानुनसम्मत भएको पाइएन ।

५२ **घटी अवधी बीमाः**

कार्यालय र निर्माण व्यवसायी बिच भएको सम्झौताका शर्तहरु र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ का शर्तहरु पुरा हुने गरी निर्माण व्यवसायीले निर्माण कार्य र जनशक्तीको बिमा गरी बिमालेख पेश गर्नुपर्दछ । पालिकाको वडा नं १ श्रीनगर स्थित बहुउद्धेश्यीय भवन निर्माण कार्यको निर्माण व्यवसायी वि.एस. सप्लायर्स एण्ड वि.जि. निर्माण सेवाको ठेक्का सम्झौता मिति २०८१/११/१२ मा भई कार्य सम्पन्न गर्ने अवधी २०८२ जेष्ठ मसान्त सम्म तोकिएको छ । तर निर्माण व्यवसायीले उक्त ठेक्का सम्झौताको निमार्ण कार्य र जनशक्तीको बिमा गर्दा भने सम्झौता अवधी सकिनु भन्दा २२ दिन मात्र अगाडी २०२५/०५/२३ (२०८२/०२/०९) मा निर्माण कार्यको लागि २२ दिनको लागी अर्थात २०२५/०६/१५ (२०८२/०३/०१) सम्म र जनशक्तिको विमा १ वर्षको लागि अर्थात २०२६/०५/२२ सम्म विमा गरेको विमालेख पेश गरेको आधारमा सोको विमा शुल्क ठेक्का विलमा समावेश गरी रु.५१,५२८।- निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । यसप्रकार प्रयोजन पुरा हुने अन्तिम अवधीमा गरेको बिमा भुक्तानी प्रयोजनको लागि मात्र भएको र उक्त कार्य उक्त सम्झौता र नियमका शर्तहरु अनुरुप नदेखिदा निर्माण व्यवसायीबाट उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,५२८ |

५३ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ८ वटा बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले चारवटै त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रु.१३,७९,२०,८३८।७६।- इ.एफ.टी बाट पठाएको छ भने इ.एफ.टी गर्दा विभिन्न कारणले बसाइ सराइ र मृत्यु भएकाको खातामा बचत भएको रकम रु. २,४३,८१०.३७ संघीय सञ्चित कोषमा विभिन्न मितिमा फिर्ता गरेको देखिन्छ।श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो।

५३.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५ (१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ । सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन । तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ।

५३.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन| कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ ।

५४ **आन्तरिक राजस्वतर्फः**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१,२८,१३,८९१।७२ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको देखिएन भने उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

५४.१ **ढिला राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । साथै कार्यपालिकाको मिति २०८० भाद्र २७ गतेको निर्णयले १५ वटै वडाहरुले प्रत्येक दिन असुली गरेको राजस्व रकम असुली गरेको ७ दिन भित्रै बैंक दाखिला गर्नुपर्ने व्यबस्था गरेको छ । पालिकाका निम्नानुसारका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखि ढिला दाखिला गर्ने गरेको पाईयो । तसर्थ कानुन बमोजिमको लाग्ने जरिबाना सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

| वडा नं. | आम्दानी मिति | जिम्मेवार व्यक्ति | रकम | दाखिला मिति | १० प्रतिशत जरिवाना |
|---|---|---|---|---|---|
| १ | २०८१कार्तिक देखि २०८२ असारसम्म | स्मृती सिंह ठकुरी | १६०७५०.७७ | २०८२।३। १८ र १९ गते | १६०७५.०७ |
| ३ | २०८१भदौ देखि २०८२असार सम्म | निमा रोकाय | १४७३० | २०८२।३। १० | १४७३ |
| ६ | २०८१माघ देखि २०८२ जेठ सम्म | रमेश आचार्य | ११४५० | २०८२।३। ११ | ११४५ |
| १२ | २०८१ मंसिर देखि २०८२ असारसम्म | श्रीजना बिष्ट वली | ५४२०० | २०८२।३।१ र २४ गते | ५४२० |
| १४ | २०८१ माघ देखि २०८२ चैतसम्म | नरेश बिष्ट | २३१०० | २०८२।२।६ | २३१० |
| २ | २०८१ पौष देखि २०८२ असारसम्म | अमृता शाक्य | २३५८० | २०८२।३। ३२ | २३५८ |
| प्रदुषण नियन्त्रण शुल्क | २०८१ साउन देखि कार्तिक सम्म | समिक्षा बस्नेत पालिका कर्मचारी तथा ठेली बुझिलिने ग्रामिण विकास एक्सप्रेस नेपाल | १३९८५० | २०८१।८। ११ | १३९८५ |
| | २०८१ मंसिरदेखि पौषसम्म | | १३२९७५ | २०८१।१०। ४ | १३२९७ |
| | | जम्मा | | | ८७१५०।- |

| असुल गर्नुपर्ने | ८७,१५० |
|---|---|

५४.२ **असुली गर्न बाँकी आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष जडीबुटी, कबाड र जीवजन्तु कर संकलनका लागि मिति २०८१।४।४ मा प्रकशित सूचना अनुसार टेर विल्डर्ससँग रु. ३१००००।- को सम्झौता

२०८१।६।८ मा गरेको पाईयो । निजले सम्झौताका बखत कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम रु. ९३००० दाखिला गरेको छ भने बाँकी रु. २१७०००।- लेखापरीक्षण अबधि २०८२।४।३० गते सम्म पनि दाखिला भएको पाईएन । तसर्थ उक्त रकममा लाग्ने प्रचलित कानून (आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व ऐन २०७६ को दफा २८) बमोजिमको १० प्रतिशत ब्याज जरिवाना रु.२१,७०० समेत थप गरी टेर विल्डर्सबाट रु.२,३८,७००।- असुल गरी राजस्वका सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८,७०० |

५४.३ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। यो वर्ष पालिकाले आन्तरिक आय कूल रु. १ करोड ८० लाख अनुमान गरेकोमा सोको ७१ प्रतिशत रु. १ करोड २८ लाख असुली भएको छ। आन्तरिक आयको प्रक्षेपण गर्दा वास्तविकतामा आधारित भएर गर्नुपर्दछ साथै आन्तरिक आय विस्तारको लागि राजस्व नीति तय गरी कार्यान्वयनमा ल्याइनु पर्दछ।

५५ **स्वास्थ्य बिमाको भुक्तानीः**

स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ७(२) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आर्थिक रुपमा विपन्न तथा गरिब लगायतका लक्षित वर्गको योगदान वापतको रकम तोकिए बमोजिम व्यहोर्ने व्यवस्था छ। सारदा नगरपालिकाले अति विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम परिवारका १५० परिवारको बिमा गरी भौ.नं ११९२ मिति २०८२।२।१८ बाट ५,२५,०००।- खर्च गरेको छ । नेपाल सरकारले गरिब पहिचानको लागि परिचय पत्र वितरण कार्यक्रम लागु गरेको भएता पनि नगरपालिका भित्र सो कार्यक्रम पुर्ण रुपमा लागु भइनसकेको अवस्था छ । यसरी गरिबी परिचय पत्रको अभावमा पालिकाले विपन्न वर्गको निःशुल्क बिमा गर्ने प्रयोजनका वास्तविक लाभग्राही छनौट गर्ने ठोस आधार नभएकोले विपन्न परिवार छनौट गर्ने निश्चित मापदण्ड तय गरी प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

**(बिपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम संचालन कार्यबिधि, २०८१ तयार गरी पाइलटिङ्ग रुपमा लागु गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।)**

५६ **पेश्की रकमः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फस्यौर्ट सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले पदम बहादुर घर्ती (सहायक चौथो) विपद व्यवस्थापन कार्यका लागि रु.५ लाख पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा पनि फस्यौर्ट नभई बाँकी रहेकोमा पालिकाले लेखापरीक्षणको लागि उपलब्ध गराएको पेश्की बाँकीको विवरणसमेतमा उक्त पेश्की बाँकी रकम समावेश भएको नदेखिएको हुँदा उक्त पेश्की बाँकी रकम नियमानुसार असुल फस्यौर्ट हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| पेश्की | ५,००,००० |

५७ **नर्म्सभन्दा बढी भुक्तानीः**

नेपाल सरकार, अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१(नवौं संस्करण) को अनुसूची-११ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्यशाला संचालन सम्बन्धि खर्चको मापदण्ड उल्लेख छ।तालिम केन्द्र बाहेक अन्य निकायले संचालन गर्ने नगरपालिका स्तरिय तालिममा कक्षा सञ्चालनवापत रु.७०० र कार्यपत्रवापत रु.८०० पाउने उल्लेख छ।साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्रको बापतको रकम पाउने उल्लेख छ। पालिकाले निम्नानुसारको कार्यक्रम सञ्चालन गर्दा निर्देशिका भन्दा बढी भुक्तानी गरेको पाईयो।अतः बढी भएको रकम रु.२२,६१०।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो.भौ र मिति | कार्यक्रमतथा स्रोत व्यक्तिको नाम | सेसन | कार्यपत्र सहित करकट्टी गरी पाउनुपर्ने | खुद भएको भुक्तानी | बढी भएको रकम |
|---|---|---|---|---|---|
| १७०९।२०८२।३।२५ | **योग विज्ञान शिविर** | | | | |
| | लवदेव मिश्र | १० | १२७५० | २४६५० | ११९०० |
| | लोकनाथ खनाल | ५ | ६३७५ | १२३२५ | ५९५० |
| | बशन्त कुमार शर्मा | ४ | ५१०० | ९८६० | ४७६० |
| | जम्मा | | २४२२५ | ४६८३५ | २२६१० |
| | | | | असुल गर्नुपर्ने | २२,६१० |

५८ **पार्टीलाई भुक्तानी नभएकोः**

सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम कुनै व्यक्ति फर्म वा संस्थालाई खरिद कारोबारको रकम भुक्तानी गर्दा सम्बन्धित व्यक्ति फर्म वा संस्थाको नाममा चेक काटी वा बैंक मार्फत सोझै खातामा जम्मा हुने गरि भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले खरिद गर्दा कतिपय भुक्तानी सम्बन्धित व्यक्ति, फर्म वा संस्थालाई नगरी कर्मचारीको नाममा भुक्तानी भएको देखिन्छ। यसमा सम्बन्धितको ध्यान जानुपर्दछ। यसका केही उदाहरण निम्नानुसार छन्।

| क्र.स | गो.भौ. र मिति | कार्यक्रमको विवरण | जम्मा भएको काम रु. | भुक्तानी पाउने व्यक्ति र पद | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | २००।२०८२। २।१८ | सिमतारा फिल्ड निर्माणमा माटो ढुवानी | ४९८७३ | वडा नं. १४ र १५ असइ मदन राज भट्ट | ४९८७३ |
| २ | १९८।२०८२। २।१८ | १४ नं. वडाको फर्निचर खरिद | ५०००० | वडा नं. १४ र १५ असइ मदन राज भट्ट | ५०००० |
| ३ | २६०।२०८२। ३।१६ | ३ नं. वडाको महिला समूहलाई मादल,खैजडी लगायत समान वितरण | ५०००० | वडा नं ३ वडा सचिव निमा रोकाय | ५०००० |
| ४ | २४८।२०८२। ३।१५ | दिपेन्द्र चौतारा आवि अत्तरकाडामा घेराबार | ३५९८२ | वडा नं. १३ वडा सचिव गोविन्द बहादुर खड्का | ३४१५० |
| ५ | २४६।२०८२। ३।१५ | जोगिचौर खानेपानी टंकी र अमिलो बोट मुहान मर्मत | ८२४७०।४० | वडा नं. १३ वडा सचिव गोविन्द बहादुर खड्का | ७२७५० |
| ६ | २७८।२०८२। ३।१८ | लुहापिडमा मिनि पार्क निर्माण | ९८३८६।१८ | वडा प्राविधिक ३ नं. वडा खीमा कुमारी वली | ९६२७३ |
| ७ | ३००।२०८२। ३।२० | वडा नं. १२ को बाटोमा तार जाली खरिद | ९९९७४ | वडा सचिव/प्राविधिक १२ नं. वडा हिमाल सारु | ९७००० |
| ८ | ११५।२०८१। १२।७ | मेसिनरी औजार तथा वडा कार्यालय व्यबस्थापन | ९९२९९ | सिर्जना बिष्ट वली | ९७९८० |
| ९ | २५२।२०८२। ३।२४ | खानेपानी निर्माण | ३४८४४ | चेतनकुमार बि.सि | ३३३५२ |
| १० | ३११।२०८२। ३।२१ | वडा नं. को फिल्ड निर्माण | ४७९५० | गोविन्द बहादुर खड्का | ४६२३५ |
| ११ | ३२६।२०८२। ३।२३ | माउला कुवामा प्रतिक्षालय निर्माण | ९६२२३ | चेतनकुमार बि.सि | ९३९२० |
| जम्मा | | | | | ७,२१,५३३ |

यसरी सम्बन्धित व्यक्ति, फर्म वा संस्थालाई भुक्तानी नगरी कर्मचारीको नाममा भुक्तानी गर्दा भुक्तानी पाउने पक्षले पाए नपाएको यकिन नहुने, पेश भएका विलहरु सम्बन्धित निकायबाट जारि भएकै हो भन्ने यकिन नहुने जस्ता जोखिम हुन सक्छन्। साथै सम्बन्धित पार्टीलाई नै भुक्तानी गर्नु पर्ने सरकारको नीति विरुद्ध हुने देखिन्छ। अत: पालिकाले पार्टि भुक्तानी गर्नु पर्ने अवस्थामा कर्मचारीको नाममा भुक्तानी नगरी सम्बन्धी व्यक्ती, फर्म वा संस्थाकै नाममा भुक्तानी गर्नु पर्दछ।

५९ **राष्ट्रपती रनिङ्ग सिल्डः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११)मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानी नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनु पर्ने उल्लेख छ। पालिकाले आ.व २०८१।८२ मा विभिन्न स्थानमा राष्ट्रपती रनिङ्गसिल्ड कार्यक्रममा सहभागिता जनाउदा खाना, खाजा, भत्ता र ड्रेस मा खर्च भएको विल भरपाई संलग्न राखि वर्ष रु.१६,४१,१८७।- खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायबमोजिम छन्।

- खेलाडी र प्रशिक्षक छनोटको स्पष्ट आधार नदेखिएको।

- खेलाडी र प्रशिक्षकको परिचय खुल्ने कागजात संलग्न नराखेको हुँदा खर्चको यथार्थता एकिन गर्ने नसकिएको।
- कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको।
- कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन अथवा अन्य कागजात संलग्न नराखेको।
- एक पटक पालिकाले खरिद गरेको गेम ड्रेस पुन: प्रयोग गर्न मिल्ने नमिल्ने एकिन नगरी छोटो समयमा पटक पटक गेम ड्रेस खरिद गरि वितरण गर्नु पर्ने स्पष्ट कारण विना खरिद तथा वितरण गर्ने गरेको।

अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ

जिल्ला स्तरिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता वापत पानी र झरी परी आयोजनास्थल कुमाख गा पा मा ६ दिनसम्म बस्नु परेको व्यहोरा कार्यालयले जनाएको छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सारदा नगरपालिका, सल्यान , शारदा नगरपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Om Prakash Devekota | २०८१-१-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Shyam Bahadur Singh | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६४२,३६९ | ७,३५४,०३९ | ९,९६८,८४६.३ | ० | ० | २७,९३१,०१५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४५,८९६,२६९.३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४५,८९६,२६९.३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३५६०७५८६.१६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०७६५२१९४ | चालु खर्च | ५६९४२२८०९ |
| प्रदेश सरकारबाट अनुदान | ५६२२६८५९ | पूँजीगत खर्च | १९०६२८५५४ |
| राजश्व बाँडफाँट | ११८३२५७१६.५ | वित्तीय/अन्य व्यवस्था | ८४७३८५७५.१ |
| आन्तरिक आय | १२८१३८९१.७२ | | |
| अन्य आय | २५३३७११३४.१ | | |
| कुल आय | ८४८३८९७९५.३२ | कुल खर्च | ८४४७८९९३८.१ |
| बाँकी मौज्दात | | ३९२०७४४३.३८ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १२,१४,८४,५९५.५० | ० | १२,१४,८४,५९५.५० | ११,१३,८१,१८७.१२ | ० | ११,१३,८१,१८७.१२ |
| १३००० | अनुदान | ४८,३६,६५,५७७.८६ | ० | ४८,३६,६५,५७७.८६ | ४६,०७,३१,८३०.०७ | ० | ४६,०७,३१,८३०.०७ |
| १४००० | अन्य राजस्व | ६६,३७,६७४.४८ | ० | ६६,३७,६७४.४८ | ५२,८१,५३१.८१ | ० | ५२,८१,५३१.८१ |
| १५००० | विविध प्राप्ति | ८,७३,५२२.०० | ० | ८,७३,५२२.०० | २३,६५,७१७.०० | ० | २३,६५,७१७.०० |
| क | कुल जम्मा प्राप्ति | ६१,२६,६१,३६९.८४ | | ६१,२६,६१,३६९.८४ | ५७,९७,६०,२६६.०० | | ५७,९७,६०,२६६.०० |
| ३ | चालु | ४२,८२,१८,७५३.२६ | ० | ४२,८२,१८,७५३.२६ | ४३,२३,५७,८४९.१७ | ० | ४३,२३,५७,८४९.१७ |
| २१००० | पारिश्रमिक / सुविधा | २३,२९,०५,२१७.७१ | ० | २३,२९,०५,२१७.७१ | २३,०२,२४,९६१.३८ | ० | २३,०२,२४,९६१.३८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १३,७१,८५,९७५.९८ | ० | १३,७१,८५,९७५.९८ | १४,८२,८२,४७६.४६ | ० | १४,८२,८२,४७६.४६ |
| २५००० | सहायता (Subsidy) | ४,७८,९५,६९४.५७ | ० | ४,७८,९५,६९४.५७ | ४,४०,१९,७२१.३३ | ० | ४,४०,१९,७२१.३३ |
| २७००० | सामाजिक सुरक्षा | ६८,८१,२६५.०० | ० | ६८,८१,२६५.०० | ५९,५४,१४९.०० | ० | ५९,५४,१४९.०० |
| २८००० | अन्य खर्च | ३३,५०,६००.०० | ० | ३३,५०,६००.०० | ३८,७६,५४१.०० | ० | ३८,७६,५४१.०० |
| ४ | पूंजीगत | १८,५७,९५,४४५.०० | ० | १८,५७,९५,४४५.०० | १८,६१,२९,९९०.४९ | ० | १८,६१,२९,९९०.४९ |
| ३१११० | भवन तथा | २,६८,४०,९९१.०० | ० | २,६८,४०,९९१.०० | ३,४८,६३,१७१.४९ | ० | ३,४८,६३,१७१.४९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संरचना | | | | | | |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,४७,१२,२७३.०० | ० | २,४७,१२,२७३.०० | ३,२५,६९,०८८.०० | ० | ३,२५,६९,०८८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १९,८९,१८६.०० | ० | १९,८९,१८६.०० | १५,५५,२६४.०० | ० | १५,५५,२६४.०० |
| ३११५० | सार्वजनिक निर्माण | १३,१७,६०,९९५.०० | ० | १३,१७,६०,९९५.०० | ११,६६,४७,४७२.०० | ० | ११,६६,४७,४७२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४,९२,०००.०० | ० | ४,९२,०००.०० | ४,९४,९९५.०० | ० | ४,९४,९९५.०० |
| ५ | वित्तीय | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ६१,४०,१४,१९८.२६ | | ६१,४०,१४,१९८.२६ | ६१,८४,८७,८३९.६६ | | ६१,८४,८७,८३९.६६ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१३,५२,८२८.४२) | | (१३,५२,८२८.४२) | (३,८७,२७,५७३.६६) | | (३,८७,२७,५७३.६६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३४,२८,१८१.३९ | | ३४,२८,१८१.३९ | ६८,३७,८७०.४१ | | ६८,३७,८७०.४१ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत | २०,७५,३५२.९७ | | २०,७५,३५२.९७ | (३,१८,८९,७०३.२५) | | (३,१८,८९,७०३.२५) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | /(कमी)) ( ङ = ग+घ) | | | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३,५३,३०,२११.६४ | | ३,५३,३०,२११.६४ | ६,७२,१९,९१४.८९ | | ६,७२,१९,९१४.८९ |
| छ) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,७४,०५,५६४.६१ | | ३,७४,०५,५६४.६१ | ३,५३,३०,२११.६४ | | ३,५३,३०,२११.६४ |

# सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।